महालेखापरीक्षकको
वार्षिक प्रतिवेदन
२०७९
वाग्मती गाउँपालिका, ललितपुर

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि (Vision)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुने ।

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य (Mission)

देशमा स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide Independent and Quality Audit Service to the Nation)

मूल्य मान्यता (Core Values)

स्वतन्त्रता	(Independence)
निष्ठा	(Integrity)
पारदर्शिता	(Transparency)
जवाफदेहिता	(Accountability)
व्यावसायिकता	(Professionalism)

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । उल्लिखित संवैधानिक तथा कानूनी व्यवस्था एवं नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा यस स्थानीय तहको २०७७/७८ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताका पक्षबाट विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गर्नु तथा सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।लेखापरीक्षणमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा, कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जवाफदेहिता एवं पारदर्शिता, सेवा प्रवाह लगायतका विषयहरुको मूल्याङ्कन गरिएको छ ।

लेखापरीक्षणमा मूलतः आन्तरिक आय र राजस्व बाँडफाँडको प्रक्षेपण तथा स्रोत व्यवस्थापन, आय सङ्कलन, राजस्व छुट, बजेट अनुशासन, वर्षान्तको खर्च, खरिद व्यवस्थापन, अनुत्पादक तथा वितरणमुखी खर्च, योजना प्राथमिकीकरण, आयोजना छनोट, उपभोक्ता समितिबाट भएका निर्माण कार्य, दीर्घकालीन विकासका खाका तर्जुमा लगायतका व्यहोरा औंल्याइएको छ ।

लेखापरीक्षणबाट स्थानीय तहमा आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको यथार्थ रुपले अभिलेख नराखेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहनुका साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फस्र्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू सुधार गरी गत विगतका बेरुजू उपर आवश्यक कारवाही गरी वित्तीय अनुशासन कायम हुने व्यवस्था मिलाउनुपर्दछ ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको छ । लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीबाट स्थानीय तहका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरू सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

(टंकमणि शर्मा दंगाल)

२०७९ आषाढ **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal
(बागमती प्रदेश लेखापरीक्षण महानिर्देशनालय)

पत्र संख्याः २०७८।७९
च.नं. ६५३

मितिः २०७९।३।२५

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्षज्यू,
बाग्मती गाउँपालिका, ललितपुर ।

कैफियत सहितको राय

हामीले यस गाउँपालिकाको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७८ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. यस गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्णरुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाट रू.५ करोड ४४ लाख ८८ हजार बेरुजू देखिएको छ। सो मध्ये असुल गर्नुपर्ने रू.६० लाख ७७ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रू.४ करोड ३१ लाख २१ हजार, नियमित गर्नुपर्ने रू.२३ लाख ७२ हजार र पेश्की रू.२९ लाख १८ हजार रहेको छ । पालिकाको गतवर्ष रु. १४ करोड २३ लाख ६ हजार बेरुजू बाँकी रहेकोमा यसवर्ष सम्परीक्षणबाट रु. २ लाख १७ हजार फछ्र्यौट एवं यो वर्ष कायम भएको बेरुजू समेत हालसम्मको अद्यावधिक बेरुजू रु. १९ करोड ६५ लाख ७७ हजार रहेको छ । यस पालिकाको **बेरुजू वर्गीकरण र अद्यावधिक बेरुजू स्थिति यसैसाथ संलग्न छ ।**

३. यस गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको छ। कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी

आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ। गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(त्रिलोचन आचार्य)
नायब महालेखापरीक्षक

वाग्मती गाउँपालिका, ललितपुर

बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

२०७७।७८

(रु. हजारमा)

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट फछ्र्यौट			बाँकी बेरुजु			बेरुजु						
दफा संख्या		रकम	दफा संख्या		रकम	दफा संख्या		रकम	असुल गर्नुपर्ने	नियमित गर्नुपर्ने					पेस्की
सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती			अनियमित भएको	प्रमाण कागजात पेश नभएको	राजस्व लगत जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	
५४	९०	५४४८८	०	०	०	५४	९०	५४४८८	६०७७	२३७२	४३१२१	०	०	४५४९३	२९१८

अद्यावधिक बेरुजू स्थिति

२०७७।७८

(रु. हजारमा)

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्षको फछ्र्यौट	बाँकी बेरुजू	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
ललितपुर	१४२३०६	०	२१७	१४२०८९	०	५४४८८	१९६५७७

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७७/७८

कार्यालय र स्थान : वाग्मती गाउँपालिका, ललितपुर , बागमती गाउँपालिका , ललितपुर

पद	**नाम**	**कार्यकाल सुरु मिति**	**कार्यकाल समाप्त मिति**
कार्यालय प्रमुख	KHAMBA RAJ RAI	२०७७-५-२१	हाल सम्म कार्यरत
लेखा प्रमुख	तोयमी अरुण राई	२०७७-४-१	
लेखा प्रमुख	अर्जुन दाहाल	२०७७-९-१	
लेखा प्रमुख	DANDAPANI PAUDEL	२०७८-५-१	
		बेरुजु रकम	५४,४८७,५१३

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		५,०१,५२,२०३.४७	
आम्दानी		**खर्च**	
संघीय सरकारबाट अनुदान	२५,५८,७३,४१५	**चालु खर्च**	२६,४६,१०,८३९.६
प्रदेश सरकारबाट अनुदान	४,५०,०५,०४६	**पूँजीगत खर्च**	८,१८,७३,२३३.८४
राजश्व बाँडफाँट	५,२९,८१,११४.६९	**वित्तीय/अन्य व्यवस्था**	६,७६,७१,५३३.५९
आन्तरिक आय	१,१७,५०,०७६.७		
अन्य आय	७,०४,८६,४८६.३७		
कुल आय	४३,६०,९६,१३८.७६	**कुल खर्च**	४१,४१,५५,६०७.०३
बाँकी मौज्दात		७,२०,९२,७३५.२	

https://nams.oag.gov.np

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१			बागमती गाउँपालिका **लेखापरीक्षण प्रतिवेदन** **२०७७।७८** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्वती सदृढिकरण मार्फत विधावयकी, कायाकारीणी र न्यायिक अभ्यास संस्थागत गरी स्थानीय सरकारको सञ्चालन गर्न गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारको सञ्चालन गर्ने कार्यमा सहकारिता, सहअस्तित्व र समन्वय प्रवर्धन गर्दै स्थानीय सरकारका काममा जनसहभागिता तथा उत्तरदायित्व प्रवर्धन गरी पारदर्शिता सुनिश्चित गर्नु गाउँपालिकाको उदेश्य रहेको छ । कुल क्षेत्रफल १११.४९ वर्ग किलोमिटर रहेको गाउँपालिकामा ७ वडा तथा ३५ सभा सदस्य रहेका छन् भने जनसंख्या करिव १३०४९ हजार रहेको छ ।	
२			**स्थानीय संचित कोष** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ मा पालिकामा स्थानीय सञ्चित कोष रहने तथा दफा ७२ मा आय व्ययको लेखाङ्कन सम्वन्धि व्यवस्था रहे अनुसार आर्थिक वर्ष २०७७।७८ को स्थानीय सञ्चित कोष आय-व्यय हिसावको संक्षिप्त अवस्था निम्न बमोजिम रहेको छः	

https://nams.oag.gov.np

बागमती गाउँपालिका					
आ.व. : २०७७/७८					
प्राप्ती भुक्तानी हिसाव					
विवरण	यस वर्ष रु.			गतवर्ष रु.	
	बजेट	आफैले गरेको प्राप्ति/भुक्तानी	जम्मा	आफैले गरेको प्राप्ति/भुक्तानी	जम्मा
प्राप्ती (क+ख)	८०,८२,४४,९२६.३७	३७,००,८०,१३८.७६	३७,००,८०,१३८.७६	४२,४१,८०,५०७.५९	४२,४१,८०,५०७.५९
क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने)	८०,४२,२४,४४०	३६,५६,०९,६५२.३९	३६,५६,०९,६५२.३९	३७,२८,६३,३८१.२२	३७,२८,६३,३८१.२२
११००० कर	१०,०५,१५,३३०	५,२९,८१,११४.६९	५,२९,८१,११४.६९	९,२५,१३,४७३.२२	९,२५,१३,४७३.२२
१३००० अनुदान	६६,३७,०९,११०	३०,०८,७८,४६१	३०,०८,७८,४६१	२८,०३,४९,९०८	२८,०३,४९,९०८
संघीय सरकार	६०,७५,९४,११०	२५,५८,७३,४१५	२५,५८,७३,४१५	२२,९२,४५,२५०	२२,९२,४५,२५०
प्रदेश सरकार	५,६१,१५,०००	४,५०,०५,०४६	४,५०,०५,०४६	५,११,०४,६५८	५,११,०४,६५८
१४००० अन्य राजस्व	४,००,००,०००	१,१७,५०,०७६.७०	१,१७,५०,०७६.७०	०	०
ख. अन्य प्राप्ति	४०,२०,४८६.३७	४४,७०,४८६.३७	४४,७०,४८६.३७	५,१३,१७,१२६.३७	५,१३,१७,१२६.३७
वितरण गर्न बाकी राजस्व	०	१३,५०,०००	१३,५०,०००	०	०
कोषहरु	४०,२०,४८६.३७	३१,२०,४८६.३७	३१,२०,४८६.३७	४०,३२,३७८.३७	४०,३२,३७८.३७
धरौटी	०	०	०	०	०
संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम	०	०	०	४,७२,८४,७४८	४,७२,८४,७४८
भुक्तानी (ग+घ)	८३,६५,७५,०१७.२१	३४,८१,३९,६०७.०३	३४,८१,३९,६०७.०३	३८,९८,४९,०८५.३१	३८,९८,४९,०८५.३१

				ग. भुक्तानी (सञ्चित कोषबाट)	८३,२५,५४,५३०.८४	३४,६४,८४,०७३.४४	३४,६४,८४,०७३.४४	३३,९०,५७,३५८.३१	३३,९०,५७,३५८.३१		
				२१००० पारिश्रमिक / सुविधा	१८,३७,१८,१६०	१५,४३,०२,२५६.६८	१५,४३,०२,२५६.६८	१५,८६,३६,९५७.९५	१५,८६,३६,९५७.९५		
				२२००० मालसामान तथा सेवाको उपयोग	४४,२१,१४,४२२	८,९५,६५,२७१.४२	८,९५,६५,२७१.४२	६,६७,३६,१५९.२७	६,६७,३६,१५९.२७		
				२४००० ब्याज, सेवा शुल्क तथा बैंक कमिशन	०	०	०	६१,२०,८४४	६१,२०,८४४		
				२५००० सहायता (Subsidy)	१९,८८,७८०	२,९६,९१२.५०	२,९६,९१२.५०	५६,४५,५८७	५६,४५,५८७		
				२६००० अनुदान	१,०३,००,०००	१,०२,३०,०००	१,०२,३०,०००	०	०		
				२७००० सामाजिक सुरक्षा	१९,५०,०००	६,१४,०००	६,१४,०००	४,००,०००	४,००,०००		
				२८००० अन्य खर्च	२,११,२९,५५०	९६,०२,३९९	९६,०२,३९९	३८,४३,६२४	३८,४३,६२४		
				३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च	१७,१३,५३,६१८.८४	८,१८,७३,२३३.८४	८,१८,७३,२३३.८४	९,७६,७४,१८६.०९	९,७६,७४,१८६.०९		
				घ. अन्य भूक्तानी	४०,२०,४८६.३७	१६,५५,५३३.५९	१६,५५,५३३.५९	३८,९८,४९,०८५.३१	३८,९८,४९,०८५.३१		
				कोषहरु	४०,२०,४८६.३७	२१,०८,९१०	२१,०८,९१०	३५,०६,९७९	३५,०६,९७९		
				धरौटी	०	०	०	०	०		
				संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम	०	०	०	४,७२,८४,७४८	४,७२,८४,७४८		
				कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी		(४,५३,३७६.४१)	(४,५३,३७६.४१)				
				ङ. यो वर्षको बचत (न्युन)	(२,८३,३०,०९०.८४)	२,१९,४०,५३१.७३	२,१९,४०,५३१.७३	३,४३,३१,४२२.२८	३,४३,३१,४२२.२८		
				च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या)		५,०१,५२,२०३.४७	५,०१,५२,२०३.४७				

			वर्षान्तको बाकी रकम (ङ + च)	(२,८३,३०,०९०.८४)	७,२०,९२,७३५.२०	७,२०,९२,७३५.२०	३,४३,३१,४२२.२८	३,४३,३१,४२२.२८
			बैंक तथा नगद बाकी		७,४८,१२,७३५.२०	७,४८,१२,७३५.२०	६,१४,४३,३६५.८९	६,१४,४३,३६५.८९

३			उल्लेखित आर्थिक कारोबारको स्वीकृत समष्टीगत तथा ईकाइगत लेखापरीक्षण योजना, कार्यालयबाट पेश गरिएको बार्षिक कार्यक्रम एवं प्रगति विवरण समेतका कागजात र विवरण, लिखित प्रतिनिधित्व पत्र तथा आन्तरिक लेखापरीक्षण प्रतिवेदनलाई समेत आधार मानी लेखापरीक्षण सम्पन्न गरिएको छ । लेखापरीक्षण ऐन, २०७५ को दफा ४ र लेखापरीक्षणका अन्तर्राष्ट्रिय मानदण्ड तथा मार्गदर्शनमा समेत नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले निर्क्योल गरेको जोखिममा आधारित योजना तथा कार्यक्रमका आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । सारभूत रुपमा उल्लेखनीय नदेखिएका व्यहोरा प्रतिवेदनमा समावेश गरिएको छैन । उल्लेखित कारोवारको लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख समेतका पदाधिकारीसँग मिति २०७८।१२।२१ मा छलफल गरी कायम भएका व्यहोरा निम्नानुसार रहेका छन् ।	
४			**लेखापरीक्षणको क्रममा असुली** लेखापरीक्षणको क्रममा ढुङ्गा, गिट्टी वालुवा वापत रु. २९०९०७३.००, मु. अ कर वापत रु. ७४८६८०.००, अग्रीम कर वापत रु. ८६३८७.०० र अन्य बढी भुक्तानी भएको रु. १,३८,९६०.०० गरी जम्दामा रु. ३८,८३,१००.०० असुल भई सम्बन्धित खातामा दाखिला भएको छ ।	
५			**वित्तिय विवरणः** यस सम्बन्धमा देखिएको व्यहोरा देहायमा उल्लेख छ ।	
५.१			अनुसुचि १२ अनुसार अनुदान बापत प्राप्त रकम रु. ३२,१५,५९,२११.०० म ले प फा न २७२ मा आम्दानि देखाउनु पर्नेमा रु.३०,०८,७८,४६१.०० आम्दानि देखाएको छ। प्राप्त आम्दानि भन्दा कम आम्दानि देखाएको रु. २,०६,८०,७५०.०० को आम्दानि बाधि हिसाब मिलान हुनु पर्ने रु...............	२०,६८०,७५०
५.२			**कर दाखिला नभएकोः**बिभिन्न मितिमा अग्रिम कर बापत रु.४,५३,३७६.०० कट्टी गरेको रकम संघिय राजस्व खातामा दाखिला गरेको नदेखिइकोले कर कट्टी गरेको रकम राजस्व खातामा दाखिला हुनु पर्दछ रु..........	४५३,३७६
५.३			**बढी जिम्मेवारी सारेकोः**पालिकाको गत वर्षको मौज्दात बाँकी रु. ३४४७७०००.०० रहेको छ । पालिकाले गत वर्षको मौज्दात यस वर्ष जिम्मेवारी सार्नु पर्नेमा रु. ५०१५२२०३.४७ जिम्मेवारी सारेको छ । तग वर्षको मौज्दात रकम भन्दा यस वर्ष रु. १५६७५२०३.४७ बढी जिम्मेवारी सारेको छ ।	
५.४			पालिकाको सम्पूर्ण आम्दानि तथा खर्च वित्तिय विवरणमा समावेश भएको छैन । कोलेनिकावाट भएको आम्दानि तथा खर्च वित्तिय विवरणमा समावेश भएको छैन । कोलेनिकावाट हुने आम्दानि तथा खर्च देहायअनुसार छ । सम्पूर्ण आम्दानी खर्च सुत्रमा समावेश हुनु पर्दछ ।	

https://nams.oag.gov.np

क्र. सं.	विवरण	खर्च रु. हजारमा
१	प्रदेश पूर्वाधार विकास कार्यक्रम	७८८६
२	स्थानीय तह प्रशासकिय भवन पूर्वाधार विकास कार्यक्रम	१६४९७
३	स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम	५२५२
४	गरिबसंग विषेश्वर कार्यक्रम	१२६२
५	सामाजिक सुरक्षा	३५११९
	जम्मा	६६०१६

६ **अनुदान फिर्ताः**

६.१ स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७५ मा आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको आन्तरिक श्रोत तर्फको रकम स्थानीय तहको संचित कोष र संघ तथा प्रदेश तर्फको समानुपातिक तथा समपुरक अनुदान मध्येको बाँकी रकम सम्वन्धित खातामा फिर्ता गर्नुपर्ने व्यवस्था छ । पालिकाले प्रदेश तथा सँघको बजेटबाट खर्च गरी बाँकी रहेको देहाय अनुसारको रु. ३६७९७६३१.०४ सम्वन्धित खातामा फिर्ता पठाएको देखियो । पूर्वाधार निर्माण तथा सामाजिक सेवा क्षेत्रको विकासमा कार्य गर्न प्राप्त भएको रकम सम्वन्धित प्रयोजनमा उपयोग नगरी फिर्ता गरेको उपयुक्त देखिएन । समयमा ठेक्का व्यवस्था तथा कार्यक्रम कार्यान्वयन योजना तयार गरी निकासा उपयोग गर्ने गरी सुधार गर्नुपर्दछ ।

क्र.सं	विवरण	फिर्ता रकम
१	संघिय सशर्त अनुदान	३०५०८४३६.७०
२	प्रदेश सशर्त अनुदान	३८४००६०.३४
३	प्रदेश विषेश अनुदान	२२७५४४७
४	प्रदेश समपुरक अनुदान	१७३६८७
	जम्मा	३६७९७६३१.०४

६.२ संघीय सरकारवाट पालिकालाई प्राप्त भएको शसर्त अनुदान खर्च भई रु. ३०५८८२६६.७० बाँकी रहेको वित्तिय प्रतिवेदनवाट देखिन्छ । तर पालिकाले उक्त बाँकी रकम मध्ये मिति २०७८।५।३० मा रु. ३,०५,०८,४३६.७० मात्र संघीय संचित कोष फिर्ता पठाएको छ । फिर्ता पठाउन नपुग रु ७९८३०.०० संघीय संचित कोषमा दाखिला हुनु पर्दछ रु............. ७९,८३०

७			**आन्तरिक नियन्त्रण प्रणालीः** आन्तरिक नियन्त्रण प्रणालीका सम्बन्धमा देखिएको व्यहोरा देहायमा उल्लेख छ ।	
७.१			स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्ने व्यवस्था रहेको छ । आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व कानूनमा समेत उक्त व्यवस्था उल्लेख छ । • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ मा स्थानीय तहबाट गरिने कार्यका सम्वन्धमा सम्पमदनगरिने कार्य नियमित, मितव्ययी प्रभावकारी र दक्षतापुर्ण रुपमा सम्पादन गर्नुपर्ने प्रणालीको गाउँपालिका अध्यक्ष, जिल्ला समन्वय समिति प्रमुख वा जिम्मेवार अधिकारी तोकी अनुगमन गर्ने व्यवस्था रहेकोमा पालिकाले आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारी व्यवस्थापन गर्न सकेको देखिएन । • स्थानीयसरकार सञ्चालन ऐन, २०७४ को दफा ११ मा आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले विगतमा तथ्याङ्क तयार गरेको भएपनि अवधि यकिन गरी अध्यावधिक गरेको पाइएन । • पालिकाले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको सुत्र सफ्टवयरले जेनेरेट गरे अनुसारकोवार्षिक प्रतिवेदन प्रदेश लेखा इकाई कार्यालयमा पठाउने गरेपनि सो सम्वन्धमा भएका थप प्रगतिका सम्वन्धमा लेखाङ्कन गरेको पाइएन । • पालिकाले भुक्तानी अभिलेखका आधारमा सुत्र सफ्टवेयरमा कार्यक्रमगत तथा योजनागत खाता राखेको जनाए पनि बहुबर्षिय योजना स्वीकृत गरी अभिलेखिकरण गरेको देखिएन । • पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्वयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको देखिएन । • अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ मा मध्यकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले यसको उपयुक्त व्यवस्थापन गरेको देखिएन । • पालिकाले जिन्सी सामानको विवरण तयार गरी सहायक जिन्सी खाता राखेको जानएपनि वडा कार्यालयमा रहेका जिन्सी समानको अभिलेखमूल जिन्सी खातामा अध्यावधिक गरेको देखिएन । • जिन्सी निरिक्षण प्रतिवेदनमा विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्ने उल्लेख गरेकोमा सुझाव कार्यान्वयन गरेको देखिएन । • सार्वजनिक खरिद नियमावलि २०६४ को नियम ७ र ८ अनुसार गुरुयोजना र वार्षिक खरिद योजना तयार गरेको देखिएन । • संस्था दर्ता ऐन, २०३४ को दफा ३ मा पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको देखिएन । • योजना व्यवस्थापनमा सकारात्मक प्रभाव कायम गर्ने गरी वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार गरेको देखिएन । • मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस पालिका तथा पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा पालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फर्छयौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख अध्यावधिक गरेको देखिएन । • नगदी रसिद नियन्त्रण र निर्क्यौल गर्न प्रणाली व्यवस्थापन गरेपनि थप सुधार गरेको देखिएन ।	

			• अधुरा आयोजनाको समिक्षागरी उपलब्धि मापन गरेको देखिएन । यसबाट अधुरा आयोजनाको कार्यान्वयनमा दिशानिर्देश हुन सकेको देखिएन ।	
७.२			**सूचना प्रविधी पद्धतिः**सूचना प्रविधी नियन्त्रण वातावरणमा कार्यालयको कारोवारसङ्ग सम्बन्धित लेखापालन, अभिलेख, प्रतिवेदन लगायतका सूचना प्रविधिसङ्ग सम्बन्धित प्रणाली व्यवस्था (application control), प्रवेश नियन्त्रण (access control) लगायतका विषय समावेश हुन्छन् । • पालिकाको सूचना प्रविधी पद्वतिमा सुरक्षा, अख्तियारी, भण्डारण र ब्याकअप आन्तरिक रुपले भरपर्दो हुनुपर्नेमा पालिकाले राजस्वा उठाउन सफ्टवेरको प्रयोग गरेको तथा रावस्व सूचना व्यवस्थापन प्रणालीको व्यवस्थापन र नियन्त्रणमा कार्यालयको पहुँच देखिएन । यसबाट पालीकाको आन्तरिक आय लेखाङ्कनका सम्वन्धमा भरपर्दो अनुगमन प्रणाली तयार गरेको देखिन आएन । पालिकाले सँकलन केन्द्र बाट प्राप्त विवरणको आधारमा मात्र आय लेखाङ्कन गर्ने गरेको छ । प्रणाली व्यवस्थापनमा समेत पालिकाको पहुँच हुनेगरी सुधार गर्नु पर्दछ । • सूचना प्रविधी पद्वतिमा युजर एक्सेस व्यवस्थापन गर्दा सम्बन्धित सफ्टवेयर म्यानुअल अनुसार गरी म. ले. प. फाराम ९०१ र ९०२ बमोजिम प्रयोगकर्ता, नियन्त्रणकर्ता लगायतको अभिलेख कायम हुनेगरी कार्यान्वयन गर्नुपर्नेमा गरेको देखिएन । • सफ्टवेयर म्यानुअलमा तोकिए अनुसार सेक्युरी प्रोटोकल र सुरक्षण विधी लागु गरी त्यसको अभिलेख म. ले. प. फाराम ९०३ मा राख्नुपर्नेमा लेखापरीक्षण अवधिमा उल्लेखित व्यहोराको प्रमाण पेश हुन आएन । यसबाट सेक्युरिटी प्रोटोकल र सुरक्षण विधीका सम्वन्धमा जोखिम भई अभिलेख भएकोआम्दानी रकम हराउने तथा अभिलेखमै नदेखिई आय लेखाङ्कनमा समेत नआउने अवस्था रहन्छ। यसमा पालिकाले सुधार गर्नुपर्दछ । • फेलरका वा अन्य असामान्य अवस्थामा भरपर्दो वैकल्पिक व्यवस्था हुनुपर्ने असल अभ्यास रहेको छ । पालिकाले यस सम्वन्धमा छुट्टै गरी भरपर्दो व्यवस्था गरेको प्रमाण पेश गरेको छैन । सिगास वा सुत्र जस्ता एकभन्दा बढी कार्यालयमा प्रयोग हुने सफ्टवेयरका सम्बन्धमा सेवा सञ्चालक निकयलेनै नियन्त्रण गर्ने र पालिकले सञ्चालन मात्र गर्ने गरेको नकारी दिएको छ । भरपर्दो वैकल्पिक व्यवस्था सुनिश्चित गर्नुपर्दछ ।	
७.३			**भ्रमणकार्य व्यवस्थापन :**भ्रमण खर्च नियमावली, २०६४ मा कर्मचारी भ्रमणको अभिलेख अध्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ । यस कार्यको आन्तरिक नियन्त्रणका लागि मलेप फारामको व्यवस्था गरेको छ । • भ्रमण खर्च नियमावली, २०६४ मा पालिकावाट भ्रमण आदेश लिई भ्रमण गर्ने कर्मचारीका सम्वन्धमा म. ले. प. फाराम ९०७ बमोजिम भ्रमण गरेका सबै कर्मचारीका लागि म. ले. प. फाराम ९०८ बमोजिम भ्रमण अभिलेख राख्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष अनुगमन तथा भ्रमण कार्यमा खर्च गरेको वित्तिय विवरणबाट देखिन्छ । विभिन्न कर्मचारीले विभिन्न स्थानमा भ्रमण गरेको भ्रमण आदेश र भ्रमण विल अनुसार खर्च लेखेपनि भ्रमण अभिलेख राखेको छैन । साथै तेरिज तयार नगरि एउटै गोश्वरा भौचरबाट अनुगमन तथा मुल्याँकन, सरुवा तथा भ्रमण भत्ता जस्ता खर्च एकमुष्ट रुपमा लेखि भ्रमण प्रतिबेदन संलग्न नगरी भुक्तानी गरेको छ। यसबाट अनुगमन तथा मुल्याँकन कार्यक्रम प्रभावकारी भयो भन्ने आधार भएन । उक्त खर्च गर्दा भ्रमण गर्ने व्यक्तिको स्पष्ट व्होरा देखिने गरि अभिलेख राखेको छैन । यसबाट आर्थिक वर्षको अन्तमा कर्मचारी भ्रमण अवस्थाको मुल्याङ्कन गर्न सक्ने देखिएन । साथै भ्रमणबाट निर्धारित उदेश्य प्राप्त भए नभएको साथै खर्च प्रभावकारी भए नभएको परीक्षण गर्न सकिएन । पालिकाले भ्रमण अभिलेख अद्यावधिक गरी राख्नु पर्दछ ।	

			• सोही नियमलीमा भ्रमण पेश्की लिने कर्मचारीले भ्रमणबाट फर्की आएपछि म. ले. प. फाराम ९०९ बमोजिम भ्रमण प्रतिवेदन पेश गर्नुपर्ने र प्रतिवेदन प्राप्त भएपछि भ्रमणको उपलब्धि मापन गरी जिम्मेवार पदाधिकारीले पेश्की फछ्र्योट गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस अनुसारको भ्रमण प्रतिवेदन लिई अभिलेखिकृत गरेको छैन । यसले आन्तरिक नियन्त्रण व्यवस्था कमजोर देखाएको छ । यस्तो अवस्थामा सुधार गर्नुपर्दछ ।		
७.४			**सवारी साधन मर्मत :**सावारी सञ्चालन तथा मर्मत कार्यका लागि लगबुक तथा मर्मत अभिलेख कायम गर्नुपर्ने व्यवस्था अनुसार पालिकाले म ले प फारम प्रयोग गरी व्यवस्थापन गर्नुपर्ने सम्वन्धमा निम्न व्यहोरा देखिएका छन् । • पालिकाले सवारी साधन मर्मत, ईन्धन खपतको अवस्था जस्त व्यहोरा खुल्नेगरी म. ले. प. फाराम ९०५ बमोजिम सवारी साधन सञ्चालन लगबुक राख्नु पर्दछ । लेखापरीक्षणको क्रममा परीक्षण गर्दा लगबुक राखेको तथा समय क्रम अनुसारको अभिलेक दुरुस्त हुनेगरी अध्यावधिक गरेको पाइएन । सवारी साधनको वास्तविक अवस्था खुल्ने गरी म. ले. प. फाराम ९०५ अध्यावधिक गर्नु पर्दछ । • पालिकाले सावारी साधन तथा मेशिनरी मर्मत गर्दा म. ले. प. फाराम ९०६ बमोजिमको मर्मत अभिलेख राख्नुपर्ने व्यवस्था छ । पालिकाले सावारी साधन तथा मेशिनरी मर्मतमा यस वर्ष पूजीगत सम्पत्ति शिर्षकोमा खर्च गरेको वित्तिय विवरणबाट देखिन्छ । सवै किसिमको मर्मतको अवश्था देखिनेगरी मर्मत अभिलेख राखेको छैन । यसवाट यस्ता साधन विस्थापित तथा लिलाम गर्दा साथै वित्तिय विवरणमा वास्तविक मुल्य लेखाङ्कन गर्न समस्या हुने देखिन्छ । यस्तो असर उत्पन्न नहुने गरी सुधार गर्नुपर्दछ ।		
७.५			**बेरुजु लगत** :आम्दानी खर्च लेखाङ्कन तथा वित्तिय विवरण तयारी लगायत कार्यालयको प्रत्येक तहमा प्रयोग हुने कार्य अभिलेखिकरण गर्न महालेखापरीक्षकको कार्यालयले स्वीकृत गरे अनुसारका म. ले. प. फारामहरु प्रयोग गर्नुपर्ने व्यवस्था छ । पालिकाले लेखापरीक्षणबाट उठेका बेरुजुको अभिलेखिकरण गरी बेरुजु लगत राख्नुपर्दछ । पालिकाले केही म ले प फारमहरु राखेपनि अद्यावधिक गरेको देखिएन । • म. ले. प. फाराम ८०१ – बेरुजु लगत राखेको देखिएन । • म. ले. प. फाराम ८०२ – बेरुजुको कार्यालयगत प्रतिवेदन तयार गरेको छैन । • म. ले. प. फाराम ८०३ – बेरुजुको केन्द्रिय कार्यालयगत लगत तयार गरेको पाइएन । • म. ले. प. फाराम ८०४ – बेरुजुको कार्यालयगत केन्द्रिय प्रतिवेदन तयार गरेको छैन । • म. ले. प. फाराम ८०५ – सम्परीक्षण गोश्वारा अभिलेख तयार गरेको छैन । • म. ले. प. फाराम ८०२ – बेरुजुको कार्यालयगत प्रतिवेदन तयार गरेको छैन । म. ले. प. फाराम अद्यावधिक नहुदा वेरुजुको वास्तविक अवस्था यकिन नहुने हुँदा नियमानुसार सुधार गर्दै जानु पर्दछ ।		
७.६			**धरौटी अभिलेख** : पालिकाले निर्माण कार्य सम्झौता गर्दा र रनिङ्ग विल अनुसार निर्माण कार्यको भुक्तानी गर्दा सार्वजनिक खरिद नियमावली, २०६४ अनुसार धरौटी राख्ने र धरौटी कट्टी गरी भुक्तानी गर्ने गरेको छ । यसरी कट्टी गरी राखेको धरौटीको अभिलेख कार्य सम्पन्न भएपछि फिर्ता गर्नु पर्दछ । पालिकाले विगत दुई वर्षदेखि सुत्र प्रणालीबाट लेखा राखेकोमा सो वर्ष देखिको धरोटीको अभिलेख अद्यावधिक भएपिन सुत्र सफ्टवेयर लागु हुनुभन्दा अधिल्ला वर्षहरुको अभिलेख प्रणालीमा प्रविष्टि गरेको छैन । यसवाट धरौटी वास्तविक अवस्था यकिन नहुने देखिन्छ । साथै वित्तिय विवरणमा प्रस्तुत धरौटी समेत एकिकृत अभिलेखको अभावमा वास्तविक भए नभएको यकिन हुन सकेन ।		

८			**सम्पतीको उपयोग र संरक्षणः**	
८.१			**सम्पत्ति संरक्षण** : गाउँपालिका र अन्तरगतका वडाको स्वामित्वमा रहेका भवन, जग्गा, सवारी साधन, फर्निचर, विद्युतीय सामान लगायतका सम्पत्तिको मूल्यांकन समेत देखिने गरी अभिलेख अद्यावधिक गर्नुपर्ने सो गरेको पाईएन । साविक गाउँपालिका तथा नगरपालिकाबाट हस्तान्तरण भई आएको सम्पत्तिको अभिलेख अद्यावधिक गरेको देखिएन । कूल मूल्य खुल्ने गरी स्वामित्वमा रहेका सम्पत्तिको अद्यावधिक अभिलेख तयार गरी सम्पत्ति लेखांकन सुदृढ गर्नुपर्ने देखिन्छ । यस सम्बन्धमा गत वर्षको लेखापरीक्षण प्रतिवेदनमा समेत व्यहोरा औल्याएकोमा सुधार भएको देखिएन ।	
८.२			**जिन्सी अभिलेखिकरण** : स्थानी सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ मा विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालय समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुनुपर्ने व्यवस्था छ । साथै हस्तान्तरण भई आएका सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता अद्यावधिक गरी २०७५ असार मसान्त भित्र प्रतिवेदन तयार गर्नुपर्नेमा गरेको देखिएन । अभिलेखको अभावमा हस्तान्तरण भई आएको सम्पत्ति तथा सामाग्रिको यथार्थ अवस्था यकिन हुने देखिएन । अभिलेख प्रणालिमा सुधार गरी सम्पत्ति लेखाङ्कन अद्यावधिक गर्नु पर्दछ ।	
८.३			**सम्पत्ति रेखदेख** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७ मा पालिकाको क्षेत्र भित्रको सम्पत्ति रेखदेख तथा मर्मत संभारको प्रवन्ध गर्नुपर्ने व्यवस्था छ । साथै सार्वजनिक तथा सामुदायिक सम्पत्ति बेचबिखन गर्न वा हक हस्तान्तरण गर्न वा लिजमा दिन नपाउने व्यवस्था छ । पालिकाले यस्ता सम्पत्तिको रेखदेख तथा मर्मत संभारको उचित प्रवन्ध गरेको देखिएन । सम्पत्ति संरक्षणको पर्याप्त प्रवन्ध गर्ने गरी सुधार गर्नु पर्दछ ।	
८.४			आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ५१ अनुसार नियम ४६ र ४७ बमोजिम लगत खडा गरी राखिएको सरकारी जिन्सी मालसामान हानि नोक्सानी नहुने गरी संरक्षण गर्ने र तिनिहरुको राम्रो संरक्षण गर्ने र तिनीहरुको राम्रो संभार गरी चालु अबस्थामा राख्ने उतरदायीत्व सम्बन्धित कार्यालय प्रमुखको हुने व्यवस्था छ । यस वर्ष खरिद गरेका कतिपय फर्निचर, कम्प्युटर लगायतका सामान वडा कार्यालयबाट खरिद गर्ने र सो को भुक्तानी पालिकाबाट हुने गरेको पाइयो । यसरी खरिद गरेका समान वडा कार्यालयमा नै दाखिला भएको भनि पालिकाको मुल जिन्सी खातामा आम्दानी जनाउने गरेको देखिन्छ । यसरी पालिकाको मुल जिन्सी खातामा आम्दानी नजनाउदा पालिकाको बास्तविक सम्पत्ति एकिन हुने अवस्था नरहने हुँदा सवारी साधन फर्निचर कम्प्यूटर लगायत खर्च हुने नहुने सामान पालिकाबाट नै खरिद गरी मुल जिन्सी खाताबाट सहायक जिन्सी खाता राखी वडा कार्यालयमा हस्तान्तरण हुनु पर्ने देखिन्छ	
९			**बजेट तथा कार्यक्रमः**	
९.१			**पुँजीगत चौमासिक खर्चः**आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार चौमासिक पुजिगत खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।	

विवरण	जम्मा खर्च	प्रथम चौमासिक	दोश्रो चौमासिक	तेश्रो चौमासिक	आसाढको खर्च
पुँजिगत खर्च	८१८७३२३३.८४	६९५९९९२	२३८७६१५.८४	७२५२५६२६	६३५२१४२९

९.२ **क्षेत्रगत बजेटः**स्थानीय तहको वार्षिक योजना तथा वजेट तर्जुमा दिग्दर्शनको ५.१ मा सामाजिक विकासका शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई, संस्कृति प्रवर्द्धन, लैंगिक समानता तथा सामाजिक समावेशीकरण जस्ता सामाजिक विकास तथा पूर्वाधार क्षेत्रमा समानुपातिक रुपमा वजेट व्यवस्थापन गर्नुपर्ने उल्लेख छ । पालिकाले निम्न क्षेत्रमा विनियोजन गरी खर्च गरेको छ । प्रत्येक वर्ष स्थीर रुपले प्राथमिकिकरणका क्षेत्र निर्धारण गरी कार्यक्रम र वजेट व्यवस्थापन गरेको छैन। यसवाट सुशासन र आर्थिक विकासका क्षेत्र न्यून बजेट व्यवस्थापन गरीखर्च गरेको छ । बजेट व्यवस्थापनको तालिकागत विवरण देहायमा उल्लेख छ । प्राथमिकिकरणका क्षेत्र निर्धारण गरी बजेट व्यवस्थापन गर्नु पर्ने देखिन्छ ।

सि.नं.	क्षेत्र/उप क्षेत्र/मुख्य कार्यक्रम	विनियोजन	खर्च	खर्च (%)
१	आर्थिक विकास	२५६३४२९८.००	१७६४६०५६.००	५.०९
२	पूर्वाधार विकास	१५०,४४८,४५५.८४	७०,२१७,३४८.८४	२०.२७
३	सामाजिक विकास	५५८,९६४,९५०.००	१८५,८४०,६४४.९६	५३.६४
४	सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र	९,२००,०००.००	५,७२३,९६१.५०	१.६५
५	कार्यालय सञ्चालन तथा प्रशासनिक	८८,३०६,८२७.००	६७,०५६,०६२.१४	१९.३५
कुल जम्मा		८३२,५५४,५३०.८४	३४६,४८४,०७३.४४	१००.००

१० **सेवा प्रवाहः**

१०.१ **नागरिक वडापत्र :**सुशासन (व्यवस्थापन तथासञ्चालन) नियमावली, २०६५ नियम १४ मा सर्वसाधारणलाई सेवा प्रदान गर्ने वा जनसम्पर्क कायम गर्ने प्रत्येक सरकारी कार्यालयले कार्यालय परिसरभित्र सवैले देख्ने उपयुक्त ठाउमा नागरिक वडापत्र राख्नुपर्ने व्यवस्था रहेको छ । नागरिक वडापत्रमा सेवा प्राप्त गर्न सेवाग्राहीले पेश गर्नुपर्ने कागजात, सेवाग्राहीले सेवा सम्वन्धमा गरेका गुनासो सुन्ने अधिकारीको पद र नाम, सेवा प्रवाहको प्राथमिकता र क्षतिपूर्ति प्राप्त हुने वा नहुने सेवाहरु समेत खुलाउनुपर्ने व्यवस्था छ । पालिकाको नागरीक बडापत्रको अध्ययन गर्दा पालिकाले कार्यालय परिसरमा नागरिक बडापत्र राखेपनि सेवाग्राहीले उदेश्य अनुरुप प्रयोग गरे नगरेको अनुगमन गरेको छैन । बडापत्रको प्रभावकारी कार्यान्वयन गराई सेवा प्रवाहमा सरलिकरण गर्नु पर्दछ । नियमावलीको नियम १४(ङ) नागरिक वडापत्रमा क्षतिपूर्ति प्राप्त हुने । नहुने सेवा किटान गरी उल्लेख गर्नुपर्ने व्यवस्था रहेको छ । यसै आधारमा क्षतिपूर्ति सहितको नागरिक वडापत्र व्यवस्थापन निर्देशिका, २०६९ समेत कार्यान्वयनमा रहेको छ । पालिकाको कार्यालय परिशरमा राखेको र वेभ साइटमा भएको नागरिक वडापत्रको अध्ययन गर्दा पालिकाको वडापत्रमा क्षतिपूर्ति सम्वन्धि व्यहोरा समावेश गरेको छैन । निर्देशिकाको नं ६ मा श्रमिकको एक दिनको न्यूनतम पारिश्रमिकको दरमा नघटाई अधिकतममा रु. ५ हजार सम्म क्षतिपूर्ति दिने र क्षतिपूर्तिको रकम तत्काल सेवा प्रदान नगर्ने जिम्मेवार कर्मचारीबाट अशुल उपर गरिने व्यवस्था गरेको भएपनि अधिकांस सेवाग्राहीलाई यस सम्वन्धमा जानकारी नभएको, वडापत्रमा उक्त प्रावधाननै समावेश नगरेको र क्षतिपूर्ति लिन सेवा प्राप्तिमा ढिलाई भई क्षति भएको तीन दिनभित्र निवेदन गर्ने र निवेदन दर्ताको ७ दिन भित्र टुंगो लगाउने र पुनरावेदनको समेत झण्झटिलो प्रक्रिया रहेकोले वडापत्र अनुसार सेवा प्राप्त नहुँदा समेत नागरिकले क्षतिपूर्तिका लागि निवेदन गर्ने गरेको देखिएन ।

१०.२ **गुनासो व्यवस्थापन** : सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ को नियम २० मा गुनासो व्यवस्थापनका लागि कार्यालयमा गुनासो सुन्ने अधिकारी (नोडल अधिकृत) तोक्नुपर्ने, गुनासो लिन निशुल्क टेलिफोन, अनलाइन सेवा जस्ता उपयुक्त माध्यमको व्यवस्था गर्नुपर्ने, गुनासो प्राप्त भएको २४ घण्टाभित्र नोडल अधिकृतले

			व्यवस्थापनका लागि सुझाव सहित कार्यालय प्रमुख समक्ष पेश गर्नुपर्ने, गुनासो व्यवस्थापनका लागि कार्यलय प्रमुखले तत्काल आदेश दिनुपर्ने र आदेश भएकोमा गुनासो व्यवस्थापन गरी गुनासोकर्तालाई जानकारी दिनुपर्ने व्यवस्था छ । पालिकाको स्थलगत भ्रमण गरी जानकारी लिदा गुनासो सुन्न नोडल अधिकृत तोकेको पाइएन । गुनासो लिन उजुरी पेटिका, टेलिफोन, एस एम एस, इमेल, लिखित उजुरी, मौखिक उजुरी मध्ये कुनै एक वा सवै विधि प्रयोग गर्न सकिने भएकोमा उजुरी पेटीका राखेको भएपनि उजुरी उजुरी समाधानका सम्वन्धमा गरेको कार्यको अभिलेखिकरण गरेको देखिएन । जिम्मेवार पदाधिकारी र कर्मचारीले गुनासो अभिलेखिकरण गरी सामाधान गर्ने र समाधानको जानकारी दिई सो को समेत लगत राख्ने कार्यलाई कम प्राथमिकतामा राखेको कारण पालिकाले गत विगतमा कति गुनासो प्राप्त गर्‍यो र कतिको समाधान भयो भन्ने अभिलेख तयार गर्ने गरेको छैन । पालिकाले गुनासो व्यवस्थापन संयन्त्र तयार गर्न र लिपिवद्ध गर्न नसकेको अवस्था छ । पालिका गुनासो र पृष्ठपोषण लिने सन्यन्त्र कमजोर रहेको पाइयो । यसबाट पालिकाहरू सेवामा सुधारका क्षेत्रहरू वारेमा अनविज्ञ हुने अवस्था छ ।	
११			**संगठन तथा कर्मचारी ब्यवस्थापनः**	
११.१			**दरबन्दी तथा पदपूर्तिः** स्थानी सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यस्थापन सर्वेक्षणका आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । स्थाई, अस्थाई करार तथा अन्य कर्मचारीको विवरण माग गरेकोमा अद्यावधिक विवरण पेश भएन । त्यसैगरी सोही ऐन, २०७४ को दफा ८३(८) बमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्ट्रीसियन, चौकिदार, मलि, बगैँचे लगायतका पदमा मात्र करार सेवाबाट कर्मचारी लिन सकिने व्यवस्था गरेको छ । विवरण तथा तथ्याङ्क पेश नभएकोले जनशक्ति व्यवस्थापनका सम्वन्धमा विश्लेषण गर्न सकिएन ।	
११.२			**तलबी प्रतिवेदन :** निजमती सेवा ऐन, २०४९ मा तलब र ग्रेड भुक्तानी दिँदा पारीत ग्रेडलाई निजामती किताबखाना, कोष तथा लेखा नियन्त्रक कार्यालय वा आ.ले.प.शाखाबाट ग्रेड भिडान गरेर तलबी प्रतिवेदन पारीत गरी तलब भुक्तानी दिनुपर्ने व्यवस्था छ । यस आ.व.मा चालुतर्फबाट तलबमा खर्च लेख्दा तलबी प्रतिवेदन पारित गरेको देखिएन । तलवी प्रतिवेदन पारित नगरी तलव खर्च लेख्दा तबल तथा ग्रेड रकम यकिन गर्न सकिएन । समयमा तलवी प्रतिवेदन पारित गर्ने तर्फ पालिकाले ध्यान पुय्रुपर्ने देखिन्छ।	
११.३			**भत्ता वितरण** : स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८६ (१) मा स्थानीय सेवाको गठन, संचालन, व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धि आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) मा अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने उल्लेख छ । पालिकले यस वर्ष प्रोत्शाहन भत्ता, जोखिम भत्ता, समित बैठक भत्ता, पदाधिकारी तथा कर्मचारी भत्तामा खर्च गरी वित्तिय विवरणमा खर्च लेखाङ्कन गरेको छ । भत्ता प्रदान गर्दा अवस्यकता तथा औचित्यता पुष्टि हुनेगरी कानुन द्वारानै व्यवस्थित गर्नुपर्नेमा पालिकाले अधिकांस भत्ता वितरण गर्दा कानुन ताथ निर्देशिकामा उल्लेख गरेको पाइएन । स्पष्ट कानुनी व्यवस्था नभई भत्ता वितरण गरेको उपयुक्त देखिएन । यस्तो पद्दतिमा सुधार गर्नु पर्दछ ।	
१२			**कानून निर्माण र न्याय सम्पादनः**	
१२.१			**कानुन निर्माण** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने ब्यवस्था छ । यसै व्यवस्था अनुसार देहाय अनुसारको संख्यामा कानुन बनाई कार्यान्वयनमा ल्याएको विवरण उपलव्ध गराएको छ ।	

क्र.स.	विवरण	संख्या
१	ऐन	१०
२	नियमावली	४
३	निर्देशिका/ मापदण्ड	७
४	कार्यविधि	३३
	जम्मा	५४

१२.२

न्याय सम्पादन : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको बारेमा व्यवस्था गरेको छ । समितिमा परेको उजुरी मध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । पालिकाले उपलब्ध गराएको विवरण अनुसार गत बर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी मुद्दा २ र यो बर्ष ११ विवाद दर्ता भएकोमा ११ वटा मुद्धा कारवाहि किनारा लगाई २ वटा बाँकी रहेको देखिन्छ । न्यायीक समितिको कार्य सम्वन्धि विवरण देहायमा उल्लख छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

क्र स	विवरण	संख्या
१	गत आ ब को बाँकी	२
२	०७७-०७८ मा थप भएका मुद्धा	११
३	फछ्यौट भएका मुद्धा	११
४	बाँकी मुद्धा	२
५	फछ्यौट भएका मध्ये अदालत गएको	०

१३

कोभिड १९ व्यवस्थापनः

पालिकाले सँघ तथा स्थानीय तहको बजेट विनियोजनवाट प्राप्त आम्दानी समेत प्रकोप व्यवस्थापन कोषमा जम्मा गरी सामाग्री खरिद, आइसोलेशन सञ्चालन, जीखिम भत्ता वितरण, क्वारेन्टाइन सञ्चालन जस्ता कार्यमा देहाय अनुसार रु. ३०,३३,९४६.०० खर्च गरेको छ । कोषबाट सामाग्री तथा सेवा खरिद गर्दा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ (२) को पालना नगरी टुक्रे खरिद गरेको छ । माग आवश्यकता अनुमान गर्न नसकिने साथै फरक फरक समयमा ससानो परीमाणमा खर्च गर्नुपरेकोले टुक्रे खरिद गर्नुपरेको कार्यालयले जनाएको छ । कानुनी व्यवस्थाको पालना हुनेगरी खरिद गर्नुपर्दछ ।

क्र. सं.	विवरण	रकम
	प्राप्ती	
१	संघीय सरकार	१००००००
२	स्थानीय तहको बजेट विनियोजनवाट	३०२०४८६
	जम्मा	४०२०२८६
	खर्च	
१	क्वारेन्टाईन होल्डिङ्ग सेन्टर व्यवसथापन	१७५०००
२	जनशक्ति परिचालन	४४८९४१
३	औषधि एवम् स्वास्थ्य उपकरण	४९९५०
४	अन्य खर्च (माक्स, सेनिटाईजर, खाजा, खाना तथा जोखिम भत्ता)	१४३५०१९
	मौज्दात	१९११५७६
		४०२०२८६

१४			**आन्तरिक आयः** आन्तरिक आयको सम्बन्धमा देखिएको व्यहोरा देहायमा उल्लेख छ ।	
१४.१			खानि खोला,बाग्मति,खोला,मध्य बगरको ढुङ्गा गिट्टी बालुवा गाभेलको उत्खनन् बिक्रि र निकासिका लागि २४४१८३२.६३ घन फुट प्रति घन फुट रु. ९।- का दरले मु. अ. कर बाहेक रु. २,१९,७६,४९३.०० र बालुवा खानि क्षेत्रको निकाशिको लागि मात्र ८४७५५२.०१ घन फुट प्रति घन फुट रु. ६।- का दरले मु अ कर बाहेक रु. ५०,८५,२१२.०६ जम्मा रु. २,७०,६१,८०५.७१ को मिति २०७७।६।१३ मा ठेक्काका लागि सुचना आह्वान भएको पाईयो । प्रथम पटकको सुचनामा ठेक्काका लागि कसैको पनि बोलपत्र दर्ता भएन । सोहि परिमाणमा उत्खनन् बिक्रि र निकासिका लागि दोश्रो पटक मिति २०७७।७।२३ मा सुचना आह्वान भएकोमा दोश्रो पटक पनि कसैको पनि बोलपत्र दर्ता भएन । तेश्रो पटक मिति२०७७।९।१५ मा खानि खोला,बाग्मति,खोला,मध्य बगरको ढुङ्गा गिट्टी बालुवा ग्राभेलको उत्खनन् बिक्रि र निकासिका लागि ९६४११०.१२ घन फुट प्रति घन फुट रु. ९।- का दरले र खानि क्षेत्रको निकाशिको लागि २५०००० घन फुटको प्रति घन फुट रु. ६।- का दरले मु. अ. कर बाहेक दुबैको गरी रु. १,०१,७६,९९१.०० कोबोलपत्र आह्वान भयकोमा एक मात्र ब्याबसायि अमनि कन्स्ट्रक्सन कम्पनि प्रा.लि. को मात्र बोलपत्र दर्ता भएको छ।	

<table>
<tr><td>१४.२</td><td></td><td></td><td>ढुङ्गा गिट्टी बालुवाको प्रति घन फुट मु. अ. कर बाहेक रु. ९।- का दरले बोलपत्र आह्वान हुनु पर्नेमा खानि क्षेत्रको ढुङ्गा गिट्टी बालुवाको लागि मु. अ. कर बाहेक रु. ६।- का दरले बोलपत्र आह्वान भएको छ।जसले गर्दा गाउँपालिकालाई रु. ७,५०,०००.०० र मु. अ. कर बापत रु.९७,५००.०० कम आम्दानी हुन गएको छ।</td><td></td></tr>
<tr><td>१४.३</td><td></td><td></td><td>ब्याबसायिसंग मु. अ. कर बाहेक रु. १,०१,७६,९३१.०० मा मिति २०७७।१०।२४ मा भएको संझौता अनुसार देहाय अनुसार ब्याबसायिले रकम बुझाउने उल्लेख छ।
<table>
<tr><td>प्रथम किस्ता</td><td>दोश्रो किस्ता</td><td>तेश्रो किस्ता</td><td>अन्तिम किस्ता</td></tr>
<tr><td>२५ प्रतिशत २०७७ चैत्रको पहिलो हप्ता</td><td>३५ प्रतिशत २०७७ चैत्रको अन्तिम हप्ता</td><td>३० प्रतिशत २०७८ बैशाख मसान्त सम्म</td><td>१० प्रतिशत २०७८ जेष्ठ १५ सम्म</td></tr>
<tr><td>२५४४२३३.००</td><td>३५६१९२६.००</td><td>३०५३०७९.००</td><td>१०१७६९३.००</td></tr>
</table></td><td></td></tr>
<tr><td>१४.४</td><td></td><td></td><td>व्यवसायीले संझौतामा उल्लेख भए अनुसार रकम बुझाउनु पर्नेमा मिति २०७८ श्रावण २९ गते रु.२८,५०,०००.००, २०७८।१२।२२ मा रु. ७९००००.०० र २०७८।१२।२३ मा रु. २११९०१३.०० गरी जम्मा रु. ५७५९०१३.०० मात्र बुझाएको छ । गाउँकार्यपालिकाको मिति २०७८।१२।२१ को ८० औ बैठकको निर्णय अनुसार कोभिड १९ को कारणले ठेक्का संचालन नभएको भनि ५६ दिनको रु. ४४१७९१८.९६ (मु अ कर वाहेक) छुट्ट दिने निर्णय गरेको छ । ठेक्का संचालन नभएको पर्याप्त कारण संलग्न नभएको तथा सम्झौतामा समेत छुट्ट दिने व्यवस्था नभएको हुदाँ छुट्ट दिए वापतको रकम असुल हुनु पर्दछ रु........</td><td>४,४१७,९१९</td></tr>
<tr><td>१४.५</td><td></td><td></td><td>मुल्य अभिबृद्धि कर बापत कूल सम्झौता रकमको रु. १०,१७६,९९१.०० १३ प्रतिशत ले हुने रु. १३२३००९.०० मध्ये व्यवसायीले रु. ७४८६८०.०० मिति २०७८।१२।२१ मा आन्तरिक राजस्व कार्यालय ललितपुरमा जम्मा गरेको छ । रु. ५७४३२९.०० बुझाउन बाँकी रहेको देखिन्छ । मु अ कर ढिलो बुझाएको र बुझाउन बाँकी रकमको १० प्रतिशत ब्याज समावेश गरी हुन आउने रकम आन्तरिक राजस्व कार्यालयमा जम्मा गरेको प्रमाण पेश हुनुपर्दछ रु.............</td><td>५७४,३२९</td></tr>
<tr><td>१४.६</td><td></td><td></td><td>व्यवसायीले सम्झौता अनुसार रकम नबुझाई ढिलो गरी बुझाएको छ । ढिलो गरी बुझाएको रकमको १० प्रतिशतले हुने ब्याज सहित असुल गर्नु पर्नेमा असुल गरेको छैन । ब्याज वापतको रकम असुल हुनु पर्दछ रु..........
<table>
<tr><td>प्रथम किस्ता</td><td>दोश्रो किस्ता</td><td>तेश्रो किस्ता</td><td>अन्तिम किस्ता</td><td>जम्मा</td></tr>
<tr><td>रु. २५४४४३३.०० मिति २०७८।४।२४ मा बुझाएको ४ महिना १७ दिनको ब्याज रु. ९५५०३.००</td><td>३२१४५८० को मिति २०७८।१२।२२ मा बुझाएको ११ महिना २१ दिन को ब्याज रु. २९७३१७.००</td><td>रु.३०५३०७९.०० मिति २०७८ चैत्र मसान्त सम्म को ब्याज रु. २७६०३१.०० र दोश्रो किस्ताको बाँकी रु.३४७३७६ को चैत्र मसान्त सम्मको ब्याज रु. ३४७३४.०० गरी जाम्म ब्याज रु. ३१०७६५.००</td><td>रु१०१७६९३.०० को चैत्र मसान्त सम्मको ब्याज रु. ९७८६६.००</td><td>रु. ८०१४५१.००</td></tr>
</table></td><td>८०१,४५१</td></tr>
<tr><td>१४.७</td><td></td><td></td><td>स्थानीय तह विभाज्य कोषः प्रदेशको आन्तरिक आय व्यवस्थापन गर्न बनेको कर तथा गैर कर साजस्व सम्बन्धि ऐन, २०७५ को दफा १५ मा ढुङ्गा, गिट्टि, वालुवा, दरहत्तर बहत्तरवाट उठेको शुल्क मध्ये ६० प्रतिशत स्थानीय संचित कोषमा राखी बाँकी ४० प्रतिशत प्रदेश संचितकोषमा दाखिला गर्नु पर्ने व्यवस्था छ । पालिकाले आ. व. २०७७।</td><td>३,०१३,८३२</td></tr>
</table>

			०७८ मा ढुङ्गा, गिट्टि, वालुवा, दरहत्तर बहत्तर वापत रु. ७५३४५७९.०० उठाएको छ । उठाएको रकमको ४० प्रतिशतले हुने रु. ३०१३८३२.०० प्रदेश संचित कोषमा दाखिला गरेको नदेखिएकोले उक्त रकम दाखिला गरेको प्रमाण पेश हुनु पर्दछ रु.........	
१५			**पदाधिकारी सुविधाः**	
१५.१			**पदाधिकारी सुविधाः**स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ को दफा ३ मा स्थानीय तहका पदाधिकारी सदस्य र सभाको सदस्यले आफु निर्वाचित भए अनुसार अनुसुचि २ बमोजिम पद तथा गोपनियताको शपथ लिई आफ्नो पदको काम कारबाही शुरु गरेको मिति देखि मासिक सुविधा पाउने व्यवस्था छ । वागमती प्रदेश सरकारले प्रथम संसोधन मिति २०७७ वैशाख ३ मा राजपत्रमा प्रकाशन गरेको उक्त पदाधिकारी सुविधा सम्बन्धि ऐनको अनुसुचि १ मा उल्लेख भएको सुविधा मात्र दिन मिल्ने देखिन्छ । यस पालिकाले पदाधिकारीको बार्षिक सुविधा वापत रु. ५९,९६,५००.०० भुक्तनी गरेको देखिन्छ ।	
१५.२			**सवारी साधनः** वाग्मती गाउपालिका निर्वाचित पदाधिकारीहरुले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन,२०७५ दफा ३ को अनुसुचि (क) अनुसार गाउँपालिका वडा अध्यक्षलाई सवारी साधन उपलब्ध नभएमा मासिक रु. ४,०००.०० नगद पाउने व्यवस्था छ । गाउँपालिकामा रहेका सवारी साधनको विवरण अनुसार गाउपालिका वडा नं. २ का वडा अध्यक्ष श्री विजय लो ले पालिकावाट सवारी साधन र इन्धन खर्च लिएको देखियो । सवारी साधन र इन्धन खर्च वापत भुक्तानी भए पश्चात पनि यातायात खर्च वापत मासिक रु.४०००.०० ले १२ महिनाको रु. ४८०००.०० भुक्तानी लिएकोमा दोहोरो सुविधा वापत भुक्तानी भएको रकम असुल गर्नु पर्ने रु..................	४८,०००
१५.३			**सल्लाहकारः** वाग्मती प्रदेश अन्तर्गत स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ पहिलो संसोधन समेतमा यस प्रदेशमा स्थानीय तहका प्रमुख तथा उप प्रमुखले स्वकिय सचिब सल्लाहकार राख्न पाउने व्यवस्था गरेको छैन । त्यसैगरी स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ८३(८) मा तोकिएको भन्दा फरक पदमा कर्मचारी पदपुर्ती गर्न नहुने उल्लेख छ । तर गाँउपालिका अध्यक्ष र उपाध्यक्ष विज्ञ सल्लाहकारको रुपमा ३ जना नियुक्ति गरी वार्षिक रु ७८७००० खर्च गरेको पाइयो **।**	
१६			**शिक्षा सेवाः** शिक्षा सेवाको सम्बन्धमा देखिएको व्यहोरा देहायमा उल्लेख छ ।	
१६.१	२०१	२०७८-३-२४	**स्यानीटरी प्याडः** सामुदायीक विद्ययालयका छात्राहरुलाई निशुल्क स्यानीटरी प्याड वितरण गर्न सफ्टी हाइजिन सप्लायर्सबाट खरिद गरेको पाइयो । बर्षअन्तमा यसरी खरिद गरिएका स्यानीटरी प्याड लेखापरीक्षण अवधि सम्म पनि वितरण गरेको पाइएन । कुन कुन विधालयको लागि कति मात्रामा खरिद गरिएको हो लागत अनुमान स्वीकृत गरेको पाइएन । खरिद भएको उक्त स्यानीटरी प्याड वितरण गरि भरपाई पेश हुनु पर्ने रु.....................	४९३,२३३
१६.२			**विद्यालयको लेखापरीक्षणः** पालिका अन्तरगतका विधालयले समयमा लेखापरीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ । गाउँपालिका अन्तर्गत ४६ सामुदायिक विद्यालयहरु रहेकोमा आ.ब २०७७।७८ को लेखापरीक्षण प्रतिवेदन प्राप्त गरी गाउँपालिकाले दिएको निकासा र अनुदान समेत समावेस गरी विधालयले वित्तिय विवरणमा समावेश गर्नु पर्नेमा १४ वटा विद्यालयले मात्र लेखापरीक्षण गरी प्रतिवेदन तयार गरेका छन ३२ वटा विद्यालयको लेखापरीक्षण गराइ प्रतिवेदन दिनु पर्नेमा नगरेकोले लेखापरीक्षण गरि प्रतिवेदन विश्लेषण सहित विद्यालयकको निकास एकिन गर्नु पर्दछ ।	

१६.३	७९	२०७७-११-२०	**दिवा खाजाः** गाउँपालिकाले बालविकास कक्षा देखी ५ कक्षा सम्म अध्ययनरत पालिका अन्तरगतका ४६ विद्यालयका छात्रा/छात्रका लागी माघ, फाल्गुन र चैत्र महिनाको प्रति दिन प्रति विद्यार्थि रु. १५ का दरले खाजा खर्च वापत रु. ५११८२५०.०० निकासा दिएको छ । निकासा दिएको रकमवाट विद्यालयले दिवा खाजा कार्यक्रममा के कती खर्च गर्यो सो को विल भरपाई पेश गर्नु पर्नेमा विल भरपाई पेश गरेको छैन ।	
१६.४	२२६	२०७८-३-३०	**निशुल्क पाठयपुस्तकः** गाउँपालिकाले ४६ वट विद्यालयका कक्षा १ देखी १० सम्म अध्ययनरत विधार्थिहरुलाई पाठ्यपुस्तक खरिद तथा वितरणका लागी रु १८७५३९२.०० निकासा दिएको छ । निकासा दिएको रकमवाट विद्यालयले पाठ्यपुस्तक खरिद गरी सो को वितरण गरेको विल भरपाई पालिकामा पेश गर्नु पर्नेमा विल भरपाई पेश गरेको छैन ।	
१७			**पेश्की व्यवस्थापनः** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ७४ र सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११३ मा पेश्की फछ्र्यौट सम्बन्धि व्यवस्था रहेको छ । पालिकाले उपलब्धगराएको विवरण अनुसार निम्न व्यक्ति, निर्माण व्यवसायी तथा संस्थाले लिएको पेश्की रु. २५,६७,९४४.०० आर्थिक वर्षको अन्तसम्ममा पनि फछ्र्यौट नभई बाँकी रहेको छ । उक्त पेश्की नियमानुसार असुल फछ्र्यौट हुनुपर्दछ ।	२,५६७,९४४

पेश्की लिएको गो. भौ. नं. मिति	पेश्कीको विवरण	पेश्की लिने ब्यक्ती, फर्म वा कम्पनीको नाम	म्याद नाघेको
११३।०७८।३।१८	भट्टेडाँडा महाकालखोल्सा हुँदै झाँक्रीडाँडा जोड्ने मोटरबाटो	सम्झना इन्जिनियरिङ्ग एण्ड विल्डर्स प्रा. लि.	१००००००
६५।०७८।१।१५	जनतासँग अध्यक्ष कार्यक्रम	सन्ध्या फिल्म्स एण्ड मिडिया प्रा.ली	१०००००
४०८।०७८।३।१८	कम्प्युटर तालिम	युनिभर्सल कम्युनिकेशन सेन्टर	१५००००
२४७।०७७।११।१४	प्रत्येक वडामा लोहसार कार्यक्रम	लोहसार कार्यक्रम संचालन समिति	७५०००
३।०७८।३।१८	खानी खोला, मजुवा बाग्मती खोला, कौसेबेशी, खुर्मी खोला ट्रस, बागमती गाउँपालिका, ललितपुर	काउसे बेशी स्याल्थुम झोलुंगेपुल निर्माण उपभोक्ता समिति	८०१९४४
५८।०७७।४।७	अन्य सामाजिक सहायता	दामोदर घिमिरे	५२,०००
५९।०७७।४।७	अन्य सामाजिक सहायता	दामोदर घिमिरे	२४,०००
६०।०७७।४।७	अन्य सामाजिक सहायता	रमेश तिमिल्सिना	२८,०००
६१।०७७।४।७	अन्य सामाजिक सहायता	रोमा जिम्बा	४०,०००
६२।०७७।४।७	अन्य सामाजिक सहायता	राजु थापा	३२,०००
६४।०७७।४।७	अन्य सामाजिक सहायता	ज्योति केसी	५६,०००
१३१।०७७।५।८	विविध आन्तरिक चालु	निशा वि.सि.	३०,०००
१९३।०७७।८।१७	मसलन्द तथा कार्यालय सामाग्री	गिरिराज दाहाल	३०,०००
२२८।०७७।१०।११	स्थानिय पाठ्यक्रम निर्माण तथा वितरण	इन्टरनेशनल रिसर्च ट्रेनिङ्ग एण्ड डेभलपमेन्ट प्रा. लि.	१,४९,०००
	जम्मा		२,५६७,९४४

१८ **रसिद नियन्त्रण खाताः**

गाउँपालिकाले राजस्व असुलीमा प्रयोग हुने नगदी रसिदको दुरुपयोग हुन नदिनको लागि रसिद नियन्त्रण खाता प्रमाणित गरी राख्नु पर्दछ । यस्तो नियन्त्रण खातामा गत वर्षको प्रयोग हुन नसकी फिर्ता आएका रसिद यस वर्ष छापिएका रसिदहरुको सिरियल नम्बर सहित आम्दानी बाध्नु पर्ने र रसिदहरु कसकसलाई कति संख्यामा दिएको हो सिं. नं. सहितको खुल्ने गरी नियन्त्रण खाताबाट घटाई छुट्टै रजिष्टरमा जनाइ बुझाउनु पर्दछ। पालिकाले प्रयोग भएका रसिदहरु मध्ये के कती गत आव बाट जिम्मेवारी सरी आएका थिए । यस वर्ष कति छपाइ गरि कति रसिद कसकसलाइ दिइयो र कति मौज्दातमा रहेका छन भन्ने खुल्ने गरी अभिलेख राखेको पाइएन । त्यसैगरी नगदी रसिदबाट उठेको रकम दैनिक आम्दानी कितावमा दाखिला गरि तोकिएको समयमा बैक दाखिला गर्नुपर्नेमा सो अभिलेख समेत राख्ने गरेको छैन । यसबाट पालिकाले प्रयोगमा ल्याएका सबै नगदी रसिदको आम्दानी तोकिएको समय मै बैंक दाखिला भएको छ भनि यकिन गर्न सकिएन ।

<table>
<tr><td>१९</td><td></td><td></td><td>एम्बुलेन्स संचालनः
एम्बुलेन्स चालक रेनबहादुर क्यापछाकीले एम्बुलेन्स संचालनका लागी बुझेको १०१ देखि १५० सम्म र ३०१ देखि ३५० सम्म २ थान नगदि रसिद बापत उठेको रु. ५२,३२५.०० लेखापरीक्षणको अवधी सम्म पनि दाखिला गरेको छैन । उक्त रकम असुल गरी दाखिला हुनु पर्दछ रु...........</td><td>५२,३२५</td></tr>
<tr><td>२०</td><td></td><td></td><td>नगदी रसिदः
तिनपाने स्थानको ढुङ्ग, गिट्टी, बालुवा तथा रोडा संकलन गरी बिक्री गर्न भनि निम्न पदाधिकारी तथा कर्मचारीलाई २५ थान नगदि रसिद उपलब्ध गराएको छ । लगिएको रसिदवाट के कती आम्दानी भएको हो पालिकामा रकम बुझाएको देखिएन । साथै बुझेर लगेको नगदि रसिद मध्ये कुनै पनि नगदि रसिद पालिकामा फिर्ता गरेको छैन । आम्दानी भएको भए आम्दानी रकम दाखिला हुनु पर्दछ र आम्दानी नभएको भए सम्पूर्ण नगदि रसिद पालिकामा फिर्ता हुनु पर्दछ ।
<table>
<tr><th>सि. नं.</th><th>नाम थर</th><th>रसिद नं.</th></tr>
<tr><td>१</td><td>राज कुमार जिम्बा</td><td>६००१-६३५० सम्म ७ थान
१६०१-१७५० सम्म ३ थान
६७५१-६९५० सम्म ४ थान
६५५१-६६०० सम्म १ थान
११५१- १२०० सम्म १ थान</td></tr>
<tr><td>२</td><td>गोविन्द दाहाल</td><td>८०१- ८५० सम्म १ थान
१४५१-१५०० सम्म १ थान
१७५१-१८५० सम्म २ थान
१९५१-२००० सम्म १ थान</td></tr>
<tr><td>३</td><td>मुक्त भोम्जन</td><td>५०१-७०० सम्म ४ थान</td></tr>
<tr><td></td><td>जम्मा</td><td>२५</td></tr>
</table></td><td></td></tr>
<tr><td>२१</td><td></td><td></td><td>मू.अ. करः
बगुवा र प्यूटार नाकावाट ढुङ्गा, गिट्टी, बालुवा तथा रोडा संकलन एवम् बिक्री वापत पालिकाले रु. २००६३९०.०० आम्दानी गरेको छ । ढुङ्गा, गिट्टी, बालुवा तथा रोडावाट आम्दानी भएको रकमको मू. अ. कर वापत १३ प्रतिशत ले हुने रकम सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा दाखिला गर्नु पर्दछ । पालिकाले आम्दानी गरेको रकमको मू. अ. कर वापतको रकम आन्तरिक राजस्व कार्यालयमा दाखिला गरेको देखिएन । मू.अ. कर वापतको रकम सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा दाखिला हुनु पर्दछ रु..........</td><td>२३०,८२३</td></tr>
<tr><td>२२</td><td></td><td></td><td>मंहगी भत्ताः
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय को पत्र सं. १८-०७३।०७४ च.नं. २१७ मिति २०७४।१।२५ अनुसार करारमा कार्यरत कर्मचारीलाई मंहगी भत्ता उपलब्ध गराउन नमिल्ने गरी परिपत्र भएको देखिन्छ । पालिकाले करारमा कार्यरत देहाका कर्मचारीलाई मंहगी भत्ता भुक्तानी दिएको छ । उक्त परिपत्र विपरित भुक्तानी भएको महंगी भत्ता सम्बन्धित कर्मचारी संग असुल हुनु पर्दछ रु.............</td><td>११२,०००</td></tr>
</table>

क्र. स.	कर्मचारीको नाम थर	भुक्तानी भएको महिना सं.	रकम रु.
१	मिलन शर्मा घिमिरे	४	८०००
२	एण्डी जिम्बा	४	८०००
३	रञ्जना घिमिरे	४	८०००
४	राजु थापा	१२	२४०००
५	दामोदर घिमिरे	१२	२४०००
६	रमेश तिमल्सिना	१२	२४०००
७	बिनोद दाहाल	४	८०००
८	जमुना थिङ्ग	४	८०००
	जम्मा		११२०००

२३

महोत्सव तथा अन्य खर्चः

स्थानीय सरकार संचालन ऐन, २०७४ ले संस्था, समूह, पर्व, जात्रा, यात्रा, संस्कृति लगायतमा आर्थिक सहायता दिन सक्ने कानूनी व्यवस्था गरेको देखिदैन । तर गाउँपालिकाले यस वर्ष देहाका कार्यमा रु.११७५०००.०० खर्च गरेका छन ।

कं सं	प्रयोजन	रकम
१	महिला तिज कार्यत्रम	२५०००.
२	ल्योसार कार्यत्रम ७ वटा	१०,५०,०००.००
३	ल्होसार कार्यत्रम १	१०००००.
जम्मा		११७५०००.

२४

जिन्सी दाखिलाः

गाउँपालिकाले देहाय अनुसारका प्रतिवेदन खरिद वापत जम्मा रु. १४७९६६०.०० भुक्तानी दिएको छ । खरिद गरेका प्रतिवेदनहरु पालिकामा प्राप्त भएको छैन । पालिकामा प्रतिवेदन प्राप्त नभई भुक्तानी दिन मिल्ने देखिदैन प्रतिवेदन प्राप्त भएको भए पेश हुनु पर्ने अन्यथा असुल हुनु पर्ने रु.........

१,४७९,६६०

गो. भौ. नं र मिति	विवरण	रकम	कैफियत
१२०।२०७७।८।५	खानीखोला बगर क्षेत्रको IEE रिपोर्ट	४९२११०.	रियल ड्रिम्स ईट्रनेशनल प्रा. लि
१२४।२०७७।८।५	आन्तरिक व्यवस्थापन नियन्त्रण कार्य	४९१५५०.	कमन ईन्टरनेश्नल मिडिया प्रा.लि.
१२८।२०७७।८।५	प्रतिवेदन तयार गरी दाखिला नभएको	४९६०००.	ईष्टर्न मिडिया रिसर्च एण्ड डेभलपमेन्ट
जम्मा		१४७९६६०.	

२५			**सवारी साधन भाडाः** पालिकाले बा १८ च ९९६८ का सवारी धनि मखमलि घले लाई २०७७ श्रावण देखि असोज सम्म सम्झौता बेगर मासिक रु. १९४४५.०० का दर ले तिन महिनाको रु. ५८३३३५.०० र २०७७ कार्तिक १ देखि २०७८ अषाढ मसान्त सम्म विना प्रतिस्पर्धा मासिक रु. १८००००.०० का दरले भुक्तानी दिने गरी सम्झौता गरी रु. १६२००००.०० समेत वर्ष भरि रु. २२०३३३५.०० भुक्तानी दिएको छ । एक मात्र सवारी साधन रहेकोले भाडामा लिनु पर्ने पालिकाले जनाएको छ । गत विगत वर्ष देखी पालिकाले सवारी साधन भाडामा लिने गरेको पाईयो । सवारी साधनको भाडा वापत भुक्तानी भएको रकमवाट पालिकाले सावारी साधन खरिद गर्न सक्ने रकम भुक्तानी भएको देखिन्छ । सवारी साधन आवश्यक भए खरिद गरी मितव्ययीता अपनाउनु पर्दछ ।	
२६			**घर जग्गा भाडाः** घर जग्गा भाडामा लिने सम्बन्धि व्यवस्था सार्वजनिक निकायले घर जग्गा भाडामा लिदा सार्वजनिक खरिद नियमावली, २०६४ को दफा ९४ अनुसार लिनु पर्ने व्यवस्था रहेको छ। गाउँपालिकाले बिभिन्न ३ ठाउमा घर जग्गा भाडा लिएको पाइयो यसरी घर जग्गा भाडामा लिदा नियमावलीले तोकेको प्रकृया नपुर्याइ घर जग्गा भाडामा रु. ६,९६,०००.०० खर्च भएको पाइयो । विधि प्रकृया पुर्याइ मात्र लेख्नु पर्ने देखिन्छ ।	
२७			**बढी भुक्तानीः** अर्थ मन्त्रालय कार्यसंचाल निर्देशिकाको नर्म्स पालना हुनु पर्नेमा उक्त नम्सको पालना भएको पाइएन चालु शिर्षक अन्तर्गत बालबिवाह अन्त्य गर्न भनिपालिका अन्तर्गतका समुदायमा परिचालन कार्यत्रम गर्न भनि विभिन्न ८ वटा सामुदायीक विद्यालयमा अन्तर्गत जनचेतना कार्यत्रम संचालन गरेको पाइयो उक्त कार्यत्रममा प्रदेशको कार्यविधि अनुसार ख्रर्च लेख्नु पर्नेमा प्रदेशको नर्म्स निर्माण नभएको अवस्थामा नेपाल सरकार अर्थ मन्त्रालयकै नम्सको पालना गरेकोमा नियमानुसार नपाइने गाडीभाडा तथा अन्य तालिम खर्चमको दरमा तोकिएको दरभन्दा बढी दिएको भुक्तानी असुल हुनु पर्दछ। भौचर नं २७ मिति २०७८।३।२ बढी भुक्तानी असुल हुनु पर्ने रु………………	६९,५००
२८			**गाडी मर्मतः** निम्न भौ न मितिबाट बा१८ च ९९६८ नं. को निजी मोटरको मर्मत एवं टायर खरिद बापत जम्मा रभुक्तानी दिएको छ । पालिकाको रकमबाट निजी मोटर मर्मत बापत खर्च लेख्न मिल्ने देखिँदैन । उक्त रकम असुल हुनुपर्दछ रु….....	१६६,४३८

<table>
<tr><td></td><td></td><td></td><td><table><tr><td>भौ.नं. मिति</td><td>बापत</td><td>रकम</td></tr><tr><td>१८७|०७८|३|३१</td><td>मर्मत संभार</td><td>७२,६२४</td></tr><tr><td></td><td>४ वटा टायर खरिद</td><td>५२,०००</td></tr><tr><td>१८८|०७७|३|३१</td><td>मर्मत संभार</td><td>४१,८१४</td></tr><tr><td></td><td>जम्मा</td><td>१,६६,४३८</td></tr></table></td><td></td></tr>
<tr><td>२९</td><td>116</td><td>२०७८-३-१८</td><td>अन्य कार्यालयको खर्चः
प्रहरी चौकी भट्टेडाँडालाई फर्निचर खरिद बापत रु. ४९,०००.०० मा अग्रिम कर रु. ९५८.०० कट्टा गरी रु. ४८,०४३.०० भुक्तानी दिएको छ । पालिकाको रकमबाट अन्य कार्यालयको सामान खरिद बापत भुक्तानी दिनु उपयुक्त देखिएन । विगत वर्षमा समेत यस सम्बन्धमा लेखापरीक्षणबाट औंल्याइकोमा यस वर्ष समेत भुक्तानी भएको छ ।</td><td></td></tr>
<tr><td>३०</td><td></td><td></td><td>विल भरपाईः
आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) अनुसार लेखा राख्दा विल भर्पाई सहित राख्नुपर्ने उल्लेख छ । कार्यालयले विल भर्पाई बेगर एम.एस. ट्रेडर्स एण्ड सप्लायर्सलाई देहाय बमोजिम भुक्तानी दिएको छ । बिल भर्पाई बेगर भुक्तानी दिएको रकमको बिल भर्पाइ पेश हुनुपर्ने अन्यथा असुल हुनुपर्ने रु…......<table><tr><td>भौ.नं. मिति</td><td>रकम</td></tr><tr><td>११७|०७८|३|१९</td><td>३,९०,९८०</td></tr><tr><td>११८|०७८|३|१९</td><td>३,५७,०५७</td></tr><tr><td>जम्मा</td><td>७,४८,०३७</td></tr></table></td><td>७४८,२३४</td></tr>
<tr><td>३१</td><td>१५२</td><td>२०७८-३-२६</td><td>वडा कार्यालय रङ्गरोगनः
वडा कार्यालय रङ्गरोगन बापत उपभोक्ता समितिलाई रु. ९७,०००.०० मा अग्रिम कर रु. १३२३ कट्टी गरी रु. ९५,६७७.०० भुक्तानी दिएको छ । कामको परिमाण खुलेको बिल स्रेस्ता साथ संलग्न छैन । कामको परिमाण खुलेको बिल पेश हुनुपर्ने अन्यथा असुल हुनुपर्ने रु…......</td><td>९५,६७७</td></tr>
<tr><td>३२</td><td>60</td><td>२०७८-१-१</td><td>विल बेगर भुक्तानीः
आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को ३९(१०) अनुसार लेखा राख्दा बिल भर्पाई सहित राख्नु पर्ने उल्लेख छ । पालिकाले झाँक्रीडाँडा महाँकाल खोल्सा, भट्टेडाँडा सडक स्तरोन्नतिको काम गर्ने, निर्माण व्यवसायी सम्झना ईन्जिनियरिङ एण्ड विल्डर्सलाई प्रथम रनिङ बिल बापतबाट रु. ३८,६२,३५१ भुक्तानी दिँदा बिमा बापत रु. ४८,५८० र ल्याब टेस्ट बापत रु. २०,००० समेत गरी रु. ६८,५८०.०० भुक्तानी दिएको छ । बिमा र ल्याब टेस्टको बिल स्रेस्ता साथ संलग्न छैन । बिल बेगर भुक्तानि भएको रकम असुल हुनुपर्दछ रु…........</td><td>६८,५८०</td></tr>
<tr><td>३३</td><td></td><td></td><td>नन्फाइलरः</td><td>९८३,९५९</td></tr>
</table>

https://nams.oag.gov.np

मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८ मा भुक्तानीमा प्राप्त मूल्य अभिवृद्धि करको विवरण भुक्तानी पाएको अर्को महिनाको २५ गतेभित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण सहित दाखिला गर्नुपर्ने व्यवस्था छ । तर पालिकाबाट देहायका फर्मलाई मू.अ.कर रु. ९,८३,९५९.०० समेत रु. १,१०,१९,७६४.०० भुक्तानी दिएकोमा लेखापरीक्षण अवधिसम्म पनि ती फर्महरु कर विवरण नबुझाई नन्फाईलर रहेको पाइयो । कानूनी व्यवस्थाअनुसार विवरण नबुझाएकोले कर समायोजन नभएको प्रमाण पेश हुनुपर्ने रु.........

भौ.नं. मिति	योजना	फर्मको नाम	भुक्तानी रकम	मु.अ. कर	बिजक/मिति	नन्फाइलर
१३४/०७८/३/१९	गौरीखोला मोटरबाटो	चेबो निर्माण सेवा (६०००२७१०८)	५,६५,०००	६५,०००	१|०७८|२|२	२०७६ माघ देखि
१२|०७८|३|१८	नागटार-हेलटार सडक	धनलक्ष्मी ईन्जिनियरिङ निर्माण सेवा (६०४२३४७०८)	१३,१३,६२५	१,५१,१२५	४४|०७८|३|३०	२०७६ पुष देखि
२७|०७८|३|२७	गढी झन्ज्याङ तल्लो सिम्ले सडक	चेबो निर्माण सेवा (६०००२७१०८)	१०,८४,८९८	१,२४,८११	१३|०७८|३|१२	२०७६ चैत देखि
११२|०७८|१|२९	प्युटार-आश्राङ सडक	सुसन रिता जे.भी. (६१४९०३६२३)	४८,६९,९९८	२,७६,११९	१|०७८|१|१६	२०७७ चैत देखि
१९३|०७८|३|३१	प्युटार-आश्राङ सडक	सुसन रिता जे.भी. (६१४९०३६२३)	३१,८९,२४३	३,६६,९०४	२|०७८|२|३०	२०७७ चैत देखि
			१,१०,१९,७६४	९,८३,९५९		

३४	193	२०७८-३-३१	**धरौटी कट्टी नगरेको:** सार्वजनिक खरिद नियमावली, २०६४ अनुसार निर्माण कार्यको रकम भुक्तानी दिँदा ५ प्रतिशत धरौटी कट्टी गर्नुपर्ने उल्लेख छ । प्युटार-फुर्केडाँडा-घानीडाँडा हुँदै आश्राङ जोड्ने सडकको निर्माण कार्य गर्ने निर्माण व्यवसायी सुसन रिता जे.भी. लाई फाइनल बिल बापत रु. ३१,८९,२४३.०० भुक्तानी दिएको छ । उक्त भुक्तानीमा रु. १,४१,१६९.०० धरौटी रकम कट्टी गर्नुपर्नेमा धरौटी रकम कट्टी गरेको छैन । नियममा व्यवस्था भए अनुरुप कानूनको पालना गर्नुपर्दछ ।	
३५	४	२०७८-३-३	**प्रोभिजनल समः** झाँक्रीडाँडा-महांकाल खोल्सा सडक निर्माण कार्य गर्ने निर्माण व्यवसायी जि.बि.टि. कन्स्ट्रक्सनलाई रु. १७,९७,९८२.०० भुक्तानी दिएको छ । उक्त भुक्तानीमा ल्याब टेस्ट बापत रु. १०,०००.०० खर्च लेखेको छ । ल्याब टेस्टको बिल स्रेस्ता साथ संलग्न छैन । बिल बेगर भुक्तानी भएको रकम असुल हुनुपर्दछ रु….........	१०,०००
३६	८	२०७८-३-२१	**अधुरो योजनाः** गढीभन्ज्याङ खानेपानी योजना निर्माणका लागि रु. २०,४२,४५८,०० मा काम सम्पन्न गर्ने गरी २०७८।०२।२९ मा सम्झौता भएको छ । निर्माण व्यवसायीले प्रथम रनिङ बिल बापत रु. ६,२७,६३५.०० काम सम्पन्न गरेपछि कोभिड-१९ को प्रभावको कारणले काम नगरेको भनि जानकारी प्राप्त भएको छ । तोकेको समयमा काम सम्पन्न गरी योजना सम्पन्न गर्नुपर्नेमा काम अलपत्र पारी छोडेको अवस्था रहेको छ । जसले गर्दा योजना	

			अधुरो रहन गएको छ ।	
३७			**झोलुङ्गे पुलः** नापी किताब देहाय अनुसार झोलुङ्गेपुलका सामान खरिद बापत जम्मा रु. २९,५६,६४७.०० भुक्तानी दिएको छ । खरिद गरेका झोलुङ्गेपुलका सामानहरु सम्बन्धित झोलुङ्गे पुलमा प्रयोग भएको नापी किताब पेश हुनुपर्नेमा नापी किताब पेश भएको छैन । सामान प्रयोग भएको नापी किताब पेश हुनुपर्दछ रु….......	२,९५६,६४७

भौ.नं. मिति	सामानको नाम	भुक्तानी पाउनेको नाम	परिमाण	रकम
५|०७८|३|३०	स्ट्रक्चरल स्टील	खुर्मी खोला ट्रस ब्रिज निर्माण उ.स.	३२५३ केजी	३,२७,०२९
	ग्याल्भनाइजेसन		२९३४ केजी	१,४९,१८३
९|०७८|३|२८	स्ट्रक्चरल स्टील	जुनकिरि इन्डस्ट्रिज प्राली	१२०८५ केजी	१५,७०,४८३
	फलामे छड		९७१ केजी	१,०४,२५२
	वायर मेश फेन्स		२४६ मिटर	१,१६,७५२
	ग्याल्भनाइजेसन		१०८११ केजी	५,४९,७४४
	जि.आइ. पाइप		२२४ मिटर	१,३९,२०४
				२९,५६,६४७

३८	0		**डि पी आर खर्चः** बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ ।पालिकाले प्युटार फुर्केडाँडा-घानीडाँडा सडक डी पी आर तयार बापतडाइमण्ड ईन्जिनियरिङ एण्ड कन्स्ट्रक्सन लाई रु. ७३४५००.०० भुक्तानि दिएको छ । डी.पी.आर.तयार गर्दा गाऊँपालिकाको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा आगामी दिनमा गाऊँपालिकाको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ ।	
३९			**जटिलसंरचना निर्माणः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन, पुल, कल्भर्ट, ओभरहेड टंकी, निर्माण, ग्रामीण विद्युतीकरण लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत गराउन उपयुक्त हुने देखिन्छ । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन :	

भौ.नं. मिति	काम	रकम
१२।०७७।७।१४	पेमा छोइङ गुम्बा निर्माण	९,५२,३५९
१५८।०७८।३।२६	झाँक्रीडाँडा मन्दिर निर्माण	४,५६,०५४
६।०७८।३।३०	घुसेल सामुदायिक भवन निर्माण	१९,४०,०००

४० **हेभी ईक्यूपमेण्टको प्रयोगः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई गाउँ कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन :

भौ.नं. मिति	योजना	फर्मको नाम	प्रयोग भएको मेसिन	भुक्तानी रकम
५।०७७।७।१४	घट्टेखोला खेल मैदान निर्माण	बिग स्काई कन्स्ट्रक्सन	एक्साभेटर	७,४२,५००
११५।०७८।३।१८	पाखोला छोखर मोटरबाटो निर्माण	काम मेसिनबाट गराएको मेसिनको बिल नराखेको	एक्साभेटर	१०,४४,५९७
१००।०७८।३।१५	शोभाने-सिठाघारी सडक निर्माण	वेटर क्वालिटी कन्स्ट्रक्सन एण्ड रियल स्टेट प्राली	एक्साभेटर	४०२,५०६
१७०।०७८।३।२६	तालुक डाँडा जिम्बाडाँडा सडक निर्माण	ए.ए. कन्स्ट्रक्सन एण्ड सप्लायर्स	एक्साभेटर	१३,८२,४३५
१७२।०७८।३।२६	तल्लो सिम्ले मोटरबाटो निर्माण	सुरेश एण्ड राजेश सप्लायर्स	एक्साभेटर	१६,१६,६६४

४१ **पर्खाल निर्माणः** ५००,०००

भट्टेडाँडा आधारभूत विद्यालयको पर्खाल निर्माण बापत उपभोक्ता समितिलाई भौ.नं. ९८।०७८।३।१४ बाट रु ५,००,००० भुक्तानी दिएको छ । पर्खाल निर्माण बापत भुक्तानी दिँदा लागत अनुमान, उपभोक्ता समितिसँगको सम्झौता, नापी किताब, बिल र कार्यसम्पन्नको आधारमा भुक्तानी दिनुपर्नेमा उक्त कागजात बेगर भुक्तानी दिएको छ । उक्त कागजातहरु पेश हुनुपर्ने अन्यथा, असुल हुनु पर्दछ ।

४२ **अनुपातिक कट्टीः** २७,८४९

निम्न भौ.नं. मितिबाट निम्नानुसार निर्माण कार्य बापत उपभोक्ता समितिलाई रु. २७,८५०.०० बढी भुक्तानी दिएको छ । उपभोक्ता समितिलाई निर्माण कामको रकम भुक्तानी दिँदा सम्झौतामा उल्लेख भए अनुसार उपभोक्ता समितिले व्यहोरेको अंशको अनुपातमा रकम भुक्तानी दिनुपर्नेमा सम्झौता भन्दा कम काम गर्दा बढी अनुपातमा रकम भुक्तानी भएकोले बढी भुक्तानी भएको रकम असुल हुनुपर्दछ रु……..

भौ.नं. मिति	योजना	भुक्तानी	विनियोजन	जनश्रम दान	लागत अनुमान	जम्मा काम	भुक्तानीहुनुपर्ने	बढी भुक्तानी
५।०७७।७।१४	घट्टेखोला खेल मैदान	८,४३,५५३	१०,००,०००	१०१,६११	१०,७१,६११	९,१८,१४५	८,३१,०८५	१२,४६६
११।०७७।७।१४	सातकन्या महिला जनजागृती सहकारी भवन	४०९८३८	५,००,०००	२८,३५०	५,१३,३५०	४,१७,५१३	३,९४,४५५	१५,३८३
	जम्मा							२७,८४९

४३	१३५	२०७८-३-२०	**तल्लो सिम्ले मोटरबाटोः** तल्लो सिम्ले मोटरबाटो निर्माण उपभोक्ता समितिलाई मोटरबाटो निर्माण बापत रु.९,४८,४४२.०० भुक्तानी दिएको छ । मोटरबाटो निर्माण बापत उपभोक्ता समितिलाई भुक्तानी दिँदा उपभोक्ता समितिसँग भएको सम्झौता, लागत अनुमान, नापी किताब, बिल र कार्यसम्पन्न प्रतिवेदन संलग्न गरी भुक्तानी दिनुपर्नेमा उक्त कागजात बेगर उपभोक्ता समितिलाई भुक्तानी दिएको छ । उक्त कागजातहरु पेश हुनुपर्दछ अन्यथा असुल हुनुपर्दछ रु..........	९४८,४४२
४४	१६१	२०७८-३-२६	**तिनपाने बाटोः** तिनपानेमा बाटो अवरुद्ध भएको भनि चित्र बहादुर बजगाईलाई रु.२४,५०३ भुक्तानी दिएको छ । कति परिमाणमा बाटो सफाइ गरेको हो खुलेको प्राविधिक मुल्याङ्कन र रकम बुझेको भर्पाइ समेत स्रेस्ता साथ संलग्न छैन । कामको परिमाण खुलेको र रकम बुझेको भर्पाइ पेश हुनुपर्ने अन्यथा असुल हुनुपर्ने रु..........	२४,५०३
४५	१५५	२०७८-३-२६	**चित्लाङ तल्लो टोल खानेपानीः** चित्लाङ तल्लो टोल खानेपानी उपभोक्ता समितिलाई खानेपानी सम्बन्धि कार्य गरे बापत रु. ३,००,०००.०० मा अग्रिम कर रु.४,७२०.०० कट्टी गरी रु.२,९५,२८०.०० भक्तानी दिएको छ । उपभोक्ता समितिलाई भुक्तानी दिँदा ३ प्रतिशतले हुने कन्टिन्जेन्सी रु.९०००.०० कट्टी नगरी भुक्तानी दिएको छ । कन्टिन्जेन्सी बापत भुक्तानी भएको रकम असुल हुनुपर्दछ रु..........	९,०००
४६	४	२०७८-३-१८	**काउसेबेसी झोलुङ्गेपुल निर्माणः** काउसेबेसी-स्याथुङ झोलुङ्गेपुल निर्माण बापत उपभोक्ता समितिलाई रु. ४,०२,२२०.०० भुक्तानी दिएको छ । उपभोक्ता समितिलाई भुक्तानी दिँदा लागत अनुमान सम्झौता, नापी किताब, बिल र कार्यसम्पन्न प्रतिवेदन स्रेस्ता साथ संलग्न हुनुपर्नेमा उक्त कागजातहरु स्रेस्ता साथ संलग्न छैन । उक्त कागजातहरु पेश हुनुपर्दछ रु….......	४०२,२२०
४७			**पाईप खरिदः** पालिकाले निम्नभौचर नं. मितिबाट निम्न अनुसारका सामान खरिद बापत रु. ८,९७,०५४.००भुक्तानी दिइएको छ । खरिद गरेका सामानहरु समन्धित योजनामा प्रयोग भएको नापी किताब र प्राविधिक मुल्याङ्कन स्रेस्ता साथ संलग्न हुनुपर्नेमा कागजातहरु संलग्न छैनन् ।नापी किताब र प्राविधिक मुल्याङ्कन भएको कागजातहरु पेश हुनु पर्दछ रु....	८९७,०५४

भौ.नं. मिति	विवरण	भुक्तानी पाउने	परिमाण	रकम
२४।०७७।११।१४	ह्युम पाइप ९०० एम.एल. एनपी ३	बागमती कम्प्लिट प्रोडक्ट प्रा.लि.	८ थान	२,९७,०५४
१६४।०७८।३।२६	खानेपानी पाइप २ किसिमका	एसियन पोलिपाइप	८१०० मिटर	३,००,०००
१५५।०७८।३।२६	खानेपानी पाइप	खानेपानी बिस्तार उ.स.	३१५० मिटर	३,००,०००
	जम्मा			८,९७,०५४

४८ **सोझै खरिदः**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्ने पर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावलीमा रु. ५ लाख सम्मको खरिद कार्य सोझै गर्न सकिने रु. ५ लाख भन्दा माथि रु.२० लाख सम्म सिलबन्दी दरभाउपत्रबाट र सो भन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । त्यस्तै सोझै खरिद कार्य गर्दा एक अर्थिक वर्षमा सीमा भन्दा बढीको खरिद गर्नु नहुने एवं एउटा आपुर्तीकर्तासंग एक पटक भन्दा बढी सोझै खरिद गर्न नहुने उल्लेख छ । गाँउपालिकाले यो वर्ष पुँजीगत तथा चालु किसिमका सामान खरिद गर्दा सोझै ३ वटा संग दर माग गरी खरिद पटक पटक खरिद गरीएको छ । पालिकाले विधि प्रकृया पुर्याई खरिद गर्ने तर्फ ध्यान दिनु पर्ने देखिन्छ ।

गो भौ नं र मिति	खरिदको विवरण	रकम
१९६/२०७७।८।१७	सम्पति कर सम्बन्धी विवरण	४९८३३०.
१९५/२०७७।८।१७	सेवा तथा परामर्श	४३१८३०.
१९७/२०७७।८।१७	शालिग्राम इन्फारमेरिक्स प्रा.लि.	४४८६१०.
१९८/२०७७।८।१७	मसलन्द तथा कार्यालय सामग्री	४९४७५९.
२२१/२०७८।३।३०	कार्यालय सम्बन्धी सामग्री	१६७४३९.
२२१/२०७८।३।३०	कैलाश प्रेस तथा मसलन्द तथा छपाइ	३५३३१९.
२३८/२०७८।३।३०	कार्यालय सामग्री एस. एस. ट्रेडस इन्ट्रप्राइजेज	५२०५२३.
१५७/२०७८।३।१९	कम्प्युटर तथा टर्च Screen संघर्ष इन्टर प्राइजेज	४७००००.
जम्मा		३३८४८१०.

४९ **प्रधानमन्त्री रोजगार कार्यक्रमः**

स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवं सामूदायिक पूर्वाधारको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्धेश्यले प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । लेखापरीक्षणको समयमा उपलव्ध तथ्याङ्क अनुसार पालिकाले यस कार्यक्रम अन्तर्गत निम्न योजना संचालन गरी यस वर्ष १०३ जनालाई ९८०३.५ दिन सम्म रोजगारी उपलब्ध गराएको देखिन्छ । लक्षित वर्गलाई अल्पकालिन रोजगारी उपलब्ध गराई श्रमिक ज्यालामा रु.५०,६८,४०९.०० खर्च लेखेका छ । कार्यक्रमबाट लक्षित वर्गले प्राप्त गरेको लाभ तथा सन्तुष्टिका सम्बन्धमा सेवाग्राही सर्वेक्षण गरेको छैन । यसबाट कार्यक्रमको उदेश्य प्राप्त भएको सम्वन्धमा यकिन हुने देखिएन ।

भौ. नं. मिति	योजना	रोजगारमा संलग्न श्रमिक सं.	रोजगारी प्रप्त दिन	खर्च रकम
१३९।०७८।३।१५	वडा १ भित्र ड्रेन तथा गोरेटो वाटो निर्माण	१२	१२००	६२०४००
१४०।०७८।३।१५	वडा नं. २ मा तरकारी तथा फलफूल खेती	१०	१०००	५१७०००
२०७।०७८।३।२६	वडा ५ भित्र ड्रेन तथा गोरेटो वाटो निर्माण	१८	१६५६	८५६१५२
२०७।०७८।३।२६	वडा ७ भित्र ड्रेन तथा गोरेटो वाटो निर्माण	१८	१६७४	८६५४५८
२०७।०७८।३।२६	वडा २ भित्र ड्रेन तथा गोरेटो वाटो निर्माण	६	६००	३१०२००
२०७।०७८।३।२६	वडा २ भित्र ड्रेन तथा गोरेटो वाटो निर्माण	६	५५५.२५	२८७०६४.३०
२२३।०७८।३।३०	वडा नं. ३ मा फलफूल खेती खाडल निर्माण	१५	१४२५	७३६७२५
२२३।०७८।३।३०	वडा ६ भित्र ड्रेन तथा गोरेटो वाटो निर्माण	१८	१६९३.२५	८७५४१०
	जम्मा	१०३	९८०३.५	५०६८४०९

५०

लघु उद्यम विकासः ७३५,४३७

गरिबी निवारणका लागी लघु उद्यम विकास कार्यक्रम निर्देशिका, २०७७ मा कार्यक्रम संचालन सम्बन्धी व्यवस्था उल्लेख छ । पालिकाले लघु उद्यम विकास कार्यक्रमको लागी विनियोजन भएको रकम वाट निम्न बमोजिमको सामाग्रहरु खरिद गरेको छ । यसले कार्यक्रमको उदेश्य पुरा हुने देखिदैन । शिर्षक फरक पारी खर्च गरेको रकम नियम सम्मत्त देखिएन रु...........

भौ. नं. मिति	विवरण	सप्लायर्स	रकम
२३७।०७८।३।३०	कार्यालय सामाग्री	एस एस ट्रेड ईन्टरप्रईजेज	४७७८०९.२
२३७।०७८।३।३०	कार्पेट खरिद	न्यू मञ्जु श्री फर्निसिङ्ग ट्रेडर्स	२४२८२.५७
१५६।०७८।३।१९	डेलको डेक्स्टप	दवा ईन्टरप्राईजेज	१३४४७०
१५६।०७८।३।१९	कार्यालय सामाग्री	एम एस प्रिन्टिङ्ग सोलुसन	९८८७५
	जम्मा		७३५४३६.८

५१	२३९	२०७८-३-३०	**व्यक्तिगत घटना दर्ताः** **व्यक्तिगत घटना दर्ताः**व्यक्तिगत घटना दर्ता किताब डिजिटालाईजेसश कार्यको लागी परामर्श सेवा खरिद गर्न श्री डिभाईन सोलुसन संग सम्झौता भएको छ । कार्य सम्पन्न भएको भनि रु. २,४५,७००.०० भुक्तानी भएको देखिन्छ । व्यक्तिगत घटना दर्ता किताब डिजिटालाईजेसश कार्य के कती भएको हो सो सम्बनधी प्रगती प्रतिवेदन पेश गरेको छैन । तसर्थ व्यक्तिगत घटना दर्ता किताब डिजिटालाईजेसश कार्यको प्रगती विवरण पेश गर्नु पर्दछ रु......................	२४५,७००
५२			**ईन्टरनेट महशुलः**	
५२.१	१७३	२०७८-३-२०	**ईन्टरनेट महशुलः** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ मा प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नु पर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावली २०६४ मा रु पाँच लाखसम्मको खरिद कार्य सोझै गर्न सकिने व्यवस्था छ । पालिकाले सम्झौता नै नगरी गाउँपालिकाको कार्यालय तथा गाउँपालिकाको वडा अन्तरगत ईन्टरनेट सेवा उपलब्ध गराए वापत ब्रोडलिङ्क एण्ड कम्यूनिकेसन प्रा. लि. लाई रु १,२०,०००.०० भुक्तानी दिएको छ । जसवाट उक्त कम्यूनिकेसन प्रा. लि ले ईन्टरनेट सेवा उपलब्ध गराएको हो भनि यकिन गर्न सकिएन । विधि प्रकृया पुर्याएर खरिद गर्ने तर्फ पालिकाले ध्यान दिनु पर्दछ ।	
५२.२	१७१	२०७८-३-२०	**कम्पुटर खरिदः**सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ मा प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नु पर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावली २०६४ मा रु पाँच लाखसम्मको खरिद कार्य सोझै गर्न सकिने, पाँच लाख भन्दा माथि बिस लाख रुपयाँसम्म सिलबन्दी दरभाउपत्रवाट र सो भन्दा माथि बोलपत्रको माध्यमवाट खरिद गर्ने व्यवस्था छ ।पालिकाले व्यवस्थापन सूचना प्रणाली संचालनार्थ वडा कार्यालयहरुको लागी सनातन सप्लायर्स प्रा. लि. संग सम्झौता गरी रु. ७,२७,७२०.०० कम्पुटर तथा प्रिन्टर खरिद गरेको छ । लेखापरीक्षणको क्रममा उक्त कार्यको ठेक्का फाईल माग गर्दा उपलब्ध गराएको छैन । ठेक्का फईल पेश हुनु पर्दछ रु............	७२७,७२०
५३			**श्रेस्ता पेश नभएकोः** पालिकाले देहाय अनुसार भौ नं. मितिवाट रु. २४,८८,९५२.०० खर्च लेखेको छ । खर्च लेखेका श्रेस्ताहरु लेखापरीक्षणको क्रममा पेश भएनन् । श्रेस्ताहरु पेश हुनु पर्दछ रु.......	१,९९२,७८६

क्र. सं.	गो. भौ. नं.	काम	भुक्तानी रकम
	पुँजिगत तर्फ		
१	८८।०७८।३।७	आजिबन बाग्मती पशुपालन कृषि फर्म	१५००००
२	१८३।०७८।३।३०	कन्टिन्जेनसी वापत भुक्तानी	३०५०५०
	संघीय शसर्त चालु		
३	१७८	विभिन्न	८८६४८
४	१८५	विभिन्न	३९५०००
५	२१२	विभिन्न	८५११५२०
६	२४४	विभिन्न	२०२५६८
	जम्मा		१९९२७८६

५४			**आन्तरिक लेखापरीक्षणको व्यहोराहरुः**	
५४.१	४६	२०७७-७-१४	यास्पा आधारभुत बिद्दयालयलाई फर्निचर खरिद बापत नमस्ते नेपाल फर्निसिङ्ग लाई रु. १५०,०००.०० भुक्तानि दिएको छ । खरिद भएका फर्निचर बिद्दयालयको जिन्सी किताबमा आम्दानि बाध्नु पर्नेमा जिन्सी किताबमा आम्दानि बाधिएको देखिएन । खरिद भएका फर्निचर बिद्दयालयको जिन्सी किताबमा आम्दानि बाधेको प्रमाण पेश हुनु पर्दछ रु........	१५०,०००
५४.२	३३०	२०७८-१-१९	गाउँ पालिकाको सुचना प्रसारण गरेको भनि रेडियो पर्याबरण चक्र बाडेगाउलाई रु ४५०००.०० भुक्तानि दिएको छ । उक्त रेडियोको प्रसारण बाग्मति गाँउ पालिकामा सुन्न नसकिने हँदा उक्त रकम असुल गर्नु पर्ने भनि आन्तरिक लेखापरीक्षणबाट औल्याईएकोमा लेखापरीक्षणको अबधि सम्म पनि असुल नभएको रु..........	४५,०००
५४.३			१. दैनिक भ्रमण भत्ता बापत बिक्रम मोक्तानलाई भौ. नं. ११९।०७७।७।२८ बाट रु. १४,०००.०० भुक्तानि दिएको छ । दैनिक भ्रमण बापतको रकम सम्बन्धित ब्यक्तिले बुझेको देखिदैन । रकम बुझेको भरपाई पेश हुनु पर्दछ रु.......... २. संघ ससर्त तथा प्रदेश ससर्तबाट तलब खाने कर्मचारीहरुलाई गाउँ पालिका चालु शिर्षकबाट प्रोत्साहन भत्ता बापत भौ. नं. १६४।०७७।८।१२ बाट रु. २,९०,५१५.०० उपलब्ध गराएकोमा यस शिर्षकबाट प्रोत्साहन भत्ता उपलब्ध गराउने आधार पेश हुनुपर्ने रु........ ३. दिल बहादुर लामालाई दैनिक भ्रमण भत्ता बापत भौ. नं. १९१।०७७।८।६ बाट रु. ३५,०००.०० भुक्तानि गरेकामा रु. २९,०००.०० को भ्रमण आदेश स्विकृत भएको देखिएन। उक्त भुक्तानिको भ्रमण आदेश स्विकृत भएको प्रमाण आदेश पेश हुनु पर्ने अन्यथा असुल हुनुपर्ने रु.......... ४. अस्थायि कोभिड अस्पताल निर्माण बापत रमेश मोक्तानलाई भौ. नं. २४२।०७७।११।६ बाट रु. १,६९,३७७.०० भुक्तानि दिएको छ। भुक्तानि भएको रकमको प्राबिधिक मुल्यांकन पेश हुनु पर्नेमा प्राबिधिक मुल्यांकन छैन । प्राबिधिक मुल्याकन पेश हुनुपर्दछ रु........	१,४८६,८२१

			५. पालिकाको सुचना संप्रेशन गरेको भनि सन्ध्या फिल्मस प्रा. लि. लाई भौ. नं. २७७।०७७।११।१२ बाट रु. ३३०००.०० भुक्तानि दिएको छ । के सुचना कहिले प्रसारण भएको हो खुलेको छैन । सुचना र सो प्रसारण भएको प्रमाण पेश हुनु पर्दछ रु......... ६. भलिबल खेलकुद कार्यक्रमका लागि सामान खरिद गरेको भनि भौ. नं. ३५५।०७८ ।३।१६ बाट रु. २,८१,३३६.०० वडा सचिब दामोदर घिमिरेलाई भुक्तानि दिएको छ । खरिद गरेका सामग्रिहरु खेलाडिलाई बितरण गरेको भरपाई पेश हुनु पर्नेमा भरपाई पेश नभएको रु........... ७. नेतृत्व बिकास तथा उद्घोषण तालिम बापत सन्ध्या फिल्मस तथा मिडिया प्रा. लि. लाई भौ. नं. ४३३।०७८।३।२० रु. ३,००,०००.०० मा अग्रिम कर कटंटी गरी रु. २.९६,०१७.०० भुक्तानि दिएको छ । उक्त तालिम कुन मितिमा संचालन भएको थियो कति सहभागि भएका थिए के बिषयमा तालिम दिएको थियो सो को कागजात स्रेस्ता साँथ संलग्न छैन । उक्त कागजातहरु पेश हुनु पर्दछ रु.......... ८. सिद्दि जनक कन्सट्रक्सन प्रा लि लाई भौ. नं. ४४५ बाट रु. ३,७३,५७६.०० भुक्तानि दिएकोमा बिल भरपाई पेश नभएको रु..........	
५४.४	111	२०७७-७-२८	आर एस टुल्स एण्ड ट्राभल्सलाई गाडि भाडा बापत रु. १,६२,४३७.०० मा अग्रिम कर रु १०००१.०० कट्टी गरी रु. १,५२,४३६.०० भुक्तानि दिएको छ।गाडि भाडा भुक्तानि दिदा कहिले के काममा कहा कति दरले प्रयोग भएको थियो सबै खुलाई भुक्तानि दिनु पर्नेमा उक्त बिबरण खुलेको पाईएन रु........	१५२,४३६
५४.५	११४	२०७७-७-२५	आयुष भोजनालयलाई ३ वटा बिलको रु. ५००००.०० मा अग्रिम कर रु. ७५०.०० कट्टी गरी रु. ४९२५०.०० भुक्तानि दिएकोमा सम्बन्धित भोजनालयले बुझेको भरपाई पेश नभएको रु......	४९,२५०
५५			**जनतासँग अध्यक्षको कार्यक्रमः**	
५५.१	११८	२०७८-३-१९	जनतासँग अध्यक्ष कार्यक्रमबाट सन्तोस दाहाललाई अग्रिम कर बापत रु. ४५०.०० कट्टी गरी रु. ४४,५५० भुक्तानी दिएको छ । कुनै बिल भर्पाई संलग्न नगरी के कामका लागि रकम भुक्तानी दिएको हो खुलेको छैन । बिल भर्पाई बेगर भुक्तानी भएको रकम असुल हुनु पर्दछ रु........	४४,५५०
५५.२			गाउँपालिकाले जनतासँग अध्यक्ष कार्यक्रम अन्तर्गत रु १ करोड बजेट विनियोजन गरी रु. ९६९१०५५.०० खर्च गरेको छ । उक्त बजेट विनियोजनमा योजनागत रुपमा बजेट विनियोजन नगरी माग भए अनुसार अध्यक्षको तोक आदेशमा आर्थिक सहायता, सहकारी संस्थालाई अनुदान, विभिन्न योजनाका लागि रकम भुक्तानी, बक्सिङ प्रतियोगिता, गित रेकर्ड बापत भुक्तानी दिने गरेको छ । एकमुष्ट रुपमा बजेट विनियोजन गरी तोक आदेशको भरमा रकम वितरण गर्न उपयुक्त देखिएन । योजनागत रुपमा रकम विनियोजन गरी सम्पन्न कामको आधारमा रकम खर्च गर्नुपर्दछ । अध्यक्षको तोक आदेश अनुसार रकम उपलब्ध गराएका केही उदाहरण देहाय अनुसार छन् ।	

भौ.न. मिति	विवरण	रकम
३१।०७७।१२।११	पाहिक दुग्ध उत्पादक संस्थालाई अवलोकन भ्रमण	५०,०००
४०।०७७।१२।२४	लटरमेश्वर एकीकृत कृषि तथा पशु फर्मलाई अदुवा खेती बापत	१,८०,०००
४३।०७७।१२।३१	सातकन्या महिला जागृती सहकारी संस्था, कृषि अवलोकन भ्रमण	६०,०००
३६।०७७।१२।२२	बक्सिङ संघ, ललितपुर	२,००,०००
४९।०७८।१।२	सुरज कुमार थिङ गित रेकर्ड	३९,९८०
८१।०७८।३।४	विभिन्न व्यक्तिलाई आर्थिक सहयोग	१,१०,०००
८९।०७८।३।९	विभिन्न व्यक्तिलाई आर्थिक सहयोग	८२,०००

५५.३	११८	२०७८-३-१९	जनतासँग अध्यक्ष कार्यक्रम अन्तर्गत पचास प्रतिशत अनुदानमा देहायका सामाग्री कृषकलाई वितरण गर्न भनि एम.एस. ट्रेडर्स एण्ड सप्लायर्सलाई रु. २५,७०,०००.०० मा अग्रिम कर रु. ३८,५५०.००.०० कट्टी गरी रु. २५,३१,४५०.०० भुक्तानी दिएको छ । कृषकलाई आवश्यक सामानहरु कृषकबाट माग भएपछि आवश्यकता अनुसार प्राथमिकिकरण गरी सामान वितरण गर्नुपर्ने कृषक छनौट गर्नुपर्नेमा व्यक्ति पिच्छये निवेदनको आधारमा अध्यक्षको तोक आदेशबाट सामान वितरण गरेको छ । आवश्यकता र अपरिहार्यता भएका कृषकले सामान प्राप्त गरे गरेनन् यकिन हुने अवस्था देखिएन ।	

सामानको नाम	संख्या	रकम
डिजेल मिनि ट्रिलर	१२ वटा	६,००,०००
चाप कटर	७० वटा	१७,८५,०००
डिस्क मिल	८ वटा	१,८५,०००
	जम्मा	२५,७०,०००

५५.४			जनतासँग अध्यक्ष कार्यक्रम अन्तर्गत ३ वटा सिलाई मेसिन खरिद बापत एस. एम. ट्रेडर्स एण्ड सप्लायर्सलाई भौ. नं.२७३।०७८।३।३० बाट रु.६१,०२०.०० भुक्तानी दिएको छ । खरिद गरेका सिलाई मेसिनहरु सरोकारवालाहरुलाई वितरण गरेको वितरण भर्पाई पेश भएको छैन । वितरण भर्पाई पेश हुनुपर्दछ रु...........	६१,०२०
५६			**आर्थिक सहायताः**	१५०,०००

<table>
<tr><td></td><td></td><td></td><td>सामुदायिक विकास अभियान नेपालका कोषाध्यक्ष गोविन्द संजेललाई सूचना, स्वास्थ्य, मानव अधिकार र प्रजातान्त्रिक कार्यमा क्रियाशिल रहेको भनि आर्थिक सहायता पाऊँ भनि दिएको निवेदनमा अध्यक्षको तोक आदेशमा रु १,५०,००० आर्थिक सहायता उपलब्ध गराएको छ । विकास निर्माणको कार्यमा खर्च गर्नुपर्ने रकम निवेदनको भरमा विभिन्न कार्यमा योगदान गरेको भनि रकम उपलब्ध गराउन उपयुक्त देखिएन । उक्त रकम असुल हुनु पर्दछ रु ...</td><td></td></tr>
<tr><td>५७</td><td></td><td></td><td>जग्गा खरिदः
निम्न भौ. नं. मितिबाट रातमाटे बस्ती संरक्षणका लागि तिनजना व्यक्तिलाई संयुक्त रुपमा जग्गा खरिद बापत संयुक्त रुपमा रु. ७,००,०००.०० भुक्तानी दिएको छ । भुक्तानी भएको रकमबाट व्यक्तिहरुले जग्गा खरिद गरेको प्रमाण लेखापरिक्षणको क्रममा पेश भएको छैन । जग्गा खरिदको प्रमाण पेश हुनुपर्दछ रु............
<table>
<tr><td>भौ.नं. मिति</td><td>रकम</td></tr>
<tr><td>१४५|०७८|३|२२</td><td>३,५०,०००</td></tr>
<tr><td>१८०|०७८|३|२०</td><td>३,५०,०००</td></tr>
<tr><td>जम्मा</td><td>७,००,०००</td></tr>
</table></td><td>७००,०००</td></tr>
<tr><td>५८</td><td></td><td></td><td>विल भरपाईः
निम्न भौ न मितिबाट निम्नानुसार खर्च लेखेको छ। उक्त खर्चका कागजात लेखापरिक्षणको क्रममा पेश भएका छैन। श्रेस्ता पेश हुनु पर्दछ अन्यथा असुल हुनु पर्दछ रु........
<table>
<tr><td>भौ. न. रकम</td><td>काम</td><td>रकम</td></tr>
<tr><td>८८।०७८।३।७</td><td>आजिबन बाग्मति पशुपालन कृषि फर्म</td><td>१५००००</td></tr>
<tr><td>१८३।०७८।३।३०</td><td>कन्टेन्जेन्सि वापत भुक्तानि</td><td>३०५०५०</td></tr>
<tr><td>जम्मा</td><td></td><td>४५५०५०</td></tr>
</table></td><td>४५५,०५०</td></tr>
<tr><td>५९</td><td></td><td></td><td>स्वास्थ्य सेवाः</td><td></td></tr>
<tr><td>५९.१</td><td></td><td></td><td>औषधि खरिदःसार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १ (क) मा बिस लाख रुपैयाँसम्मको औषधीजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ । पालिकाले स्वास्थ्य तर्फ देहाय अनुसार रु. १८,०९,४६७.०० कोऔषधि तथा औषधिजन्य सामाग्री खरिद गर्दा आपूर्ति भएका औषधी एवं सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको जाँच नगरेकोले औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन हुन सकेन । पालिकाले विधि प्रकृया पुर्याएर खरिद गर्ने तर्फ ध्यान दिनु पर्दछ ।</td><td></td></tr>
</table>

भौ. नं. मिति	विवरण	सप्लायर्स	रकम
८४।०७७।११।२८	औषधि खरिद	आजम्बरी फर्मास्यूटिकल मैतिदेवी	४९८५८०
२१४।०७८।३।३०	औषधि तथा सर्जिकल सामान खरिद	गुडलाईफ सर्जिकल सप्लायर्स प्रा. लि.	१०००००
४५।।०७८।३।३०	औषधि तथा सर्जिकल सामान खरिद	सोहन मेडि हेल्थ	८६८१८७
२२०।०७८।३।३०	औषधि तथा सर्जिकल सामान खरिद	सोहन मेडि हेल्थ	३४२७००
	जम्मा		१८०९४६७

५९.२			**तलबी प्रतिवेदनः**निजामति सेवा ऐन २०४९ को दफा ७ (ख) मा कार्यालयलमा कार्यरत कर्मचारीको तलवी प्रतिवेदन पास गरेरमात्र तलव खर्च लेख्नुपर्ने व्यवस्था छ । लेखापरीक्षण योजना अनुसा २ महिनाको तलब भत्ता भुक्तानी अवस्थाको तथ्याङ्क परीक्षण गर्दा पालिकामा कार्यरत कर्मचारीको तलव भुक्तानी गर्नुपूर्व तलवी प्रतिवेदन पारित भएको देखिएन । तलवी प्रतिवेदन पारित नगरी भुक्तानी भएको तलब तथा ग्रेडको वास्तविक अवस्था यकिन हुन सकेन । नियमानुसार तलवी प्रतिबेदन पारित गरेर मात्र तलव भुक्तानी गर्ने गरी व्यवस्थापन गर्नु पर्दछ ।	

तलब भुक्तानी भएको महिना	कर्मचारी संख्या	जम्मा तलब।भत्ता	सासु कर
श्रावण	३५	१४४२६८०.५	११२२४
अषाढ	३३	१४०९३१२.३	१०६७०.९६
जम्मा		२८५१९९२.८	२१७९५

५९.३	८२	२०७८-११-२१	**बढी भुक्तानीः**सामाजिक परिचालक (पशु प्राविधिक) श्री रामप्रसाद घिमिरेको नियूक्ति मिति २०७७।८।२१ मा भएको देखिन्छ । पुष, माघ र फागुन महिनाको तलब खर्च लेख्दा पुष महिनामा १० दिनको रु ८,८७०.०० र माघ, फगुन महिनाको रु. २६,६१०.०० ले २ महानाको रु. ५३,२२०.०० लेख्नु पर्नेमा पुष महिनामा करार तर्फ रु. १६,२७५.०० र माघ र फागुन मा रु. ६३,५५५.०० गरी रु. ७९,८३०.०० खर्च लेख्दा रु. १७,७४०.०० बढि भुक्तानी भएको देखिन्छ । उक्त बढि भुक्तानी भएको रकम असुल हुनु पर्दछ रु.............	१७,७४०
५९.४			**आय करः**आयकर ऐन, २०५८ को परिच्छेद ८७(१) मा प्रत्येक वासिन्दा रोजगारदाताले रोजगारीवाट कुनै कर्मचारी वा कामदारले प्राप्त गरेको आयको गणना गर्दा नेपालमा स्रोत भएको कुनै रकम भुक्तानी गर्दा अनुसुची १ बमोजीमको दरले हुने कर कट्टी गर्नुपर्ने उल्लेख छ । पालिकाले कर योग्य आय भएका निम्नानुसार कर्मचारीको बार्षिकआयमा आयकर ऐनको प्रावधान अनुसार कर कट्टी गरेको पाइएन । निम्नानुसारको आय कर रकम सम्वन्धीत सँग असुल गरि दाखिला गर्नुपर्ने रु...........	३६,६३०.८

सि. नं.	कर्मचारीको नाम थर	बार्षिक आय	कट्टी हुने रकम	कर योग्य आय	आय कर रु.
१	नवराज तिमल्सिना	४८५३२२	४५००००	३५३२२	३५३२
२	क्यामुना कोसो	४५८३४२	४५००००	८३४२	८३४
३	राजकुमार सापकोटा	४९९४८२	४५००००	४९४८२	४९४८
४	राजमान रन्जीन्कार	५२४६८२	४५००००	७४६८२	७४६८
५	रोश्नी लामा	४७०२०२	४५००००	२०२०२	२०२०
६	गिता देवी दाहाल	४५४१२२	४५००००	४१२२	४१२
७	दिपेन्द्र प्रसाद दाहाल	४७२८८०	४५००००	२२८८०	२२८८
८	मदन आचार्य	४७२८८०	४५००००	२२८८०	२२८८
९	ज्ञानु कुमारी घिमिरे	४८३९७२	४५००००	३३९७२	३३९७
१०	कृष्ण कुमारी बजगाई	४८३९७२	४५००००	३३९७२	३३९७
११	ज्ञानी संजेल	४८३९७२	४५००००	३३९७२	३३९७
१२	विष्णु कुमारी पुन	४७६४८०	४५००००	२६४८०	२६४८
	जम्मा				३६६३१

५९.५	५४	२०७७-७-२५	**छुट तलब भुक्तानीः**स्वास्थ्य तर्फको कर्मचारी श्री पार्वती खड्काको आ. व. २०७६।७७ मा चैत्र देखी आसार सम्मको तलब र पोषाक खर्च वापत रु. १,६३,३२६.०० छुट भएको भनि खर्च लेखेको छ । उक्त रकम गत आ. व. मा छुट भएको हो।होईन सो सम्बन्धमा यकिन गर्ने कागजात पेश भएको छैन । छुट भएको हो भनि स्पष्ट हुने आधार पेश हुनु पर्दछ ।	१६३,३२६
६०			**पेश्की बाँकीः** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४७ मा पेश्की दिने र फछ्यौंट गर्ने व्यवस्था छ । आर्थिक वर्षको अन्त्य सम्म पनि निम्न स्वास्थ्य चौकीहरुले म्याद नघेको पेश्की फछ्यौंट गरेको देखिएन । नियमानुसार असुल फछ्यौंट हुनु पर्दछ रु.............	३५०,०००

सि. नं	पेश्की लिएका सवास्थ्य संस्था	रकम
१	घुसेल स्वास्थ्य चौकी	५००००
२	माल्टा स्वास्थ्य चौकी	५००००
३	भट्टेडाडा स्वास्थ्य चौकी	५००००
४	प्युटार भद्रकाली स्थास्थ्य चौकी	५००००
५	इकुडोल भद्रकाली स्वास्थ्य चौकी	५००००
६	आश्राङ स्वास्थ्य चौकी	५००००
७	गिम्दी स्वास्थ्य चौकी	५००००
जम्मा		३५०००००

६१			**अनुगमनः** भ्रमण खर्च नियमावली, २०६४ को नियम ७(३) मा बस वा अन्य सार्वजनिक यातायातको सुविधा प्राप्त हुने ठाउँमा एकै दिन गई फर्किने गरी सरकारी काममा काज खटि जाने पदाधिकारी वा कर्मचारीले नियमावली बमोजिम भ्रमण खर्च र दैनिक भत्ताको २५ प्रतिशत खाजा खर्च वापत पाउने उल्लेख छ। पालिकाले निम्न कार्यक्रममा भ्रमण खर्च र दैनिक भत्ताको २५ प्रतिशत खाजा खर्च दिनु पर्नेमा पालिकाले पालिका भित्रैको वडामा निम्न पकेट क्षेत्रको तथा कार्यक्रमको अनुगन गर्दा दैनिक भ्रमण भत्तामा खर्च लेखेको छ। भ्रमण खर्च नियमावली विपरित भएको खर्च नियम सम्मत्त देखिएन रु.........	५९३,५००

भौ. नं. मिति	कार्यक्रम	विवरण	दैनिक भ्रमण भत्ता रकम
१००।०७८।२।९	बख्राको फिल्ड अनुगमन	विभिन्न १२ जना	९७१००
७५।०७७।११।१७	आलु तरकारी खेती अनुगमन	विभिन्न ६ जना	४८१५०
१७७।०७८।३।२२	बख्राको फिल्ड अनुगमन	विभिन्न ७ जना	३३८००
१९८।०७८।३।२४	पञ्जिकरण लगत संकलन	विभिन्न ८ जना	७५५००
१०१।०७८।२।९	भैंसी प्रवर्द्धन कार्यक्रमको फिल्ड	विभिन्न १२ जना	१०३१००
१०२।०७८।२।९	तरकारी खेतीको अनुगमन	विभिन्न ११ जना	८९५५०
२०८।०७८।३।२६	प्रधानमन्त्री रोजगार कार्यक्रम	१ जना	९९००
२२६।०७८।३।३०	उद्यम विकास कार्यक्रम	२ जना	२०८००
२३५।०७८।३।३०	प्रधानमन्त्री रोजगार कार्यक्रम	२ जना	१५६००
२३४।०७८।३।३०	समुदायमा आधारित नवजात शिशु तथा बाल रोगको व्यवस्थापन	विभिन्न सहभागिलाई	१००००
	जम्मा		५९३५००

६२			**पकेट क्षेत्रमा अनुदानः**		
६२.१			**अनुदानः** प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना कार्यान्वयन म्यानुवल, २०७७ को परिच्छेद ७ मा कृषि उत्पादन सामाग्री तथा उपकरणमा ५० प्रतिशत र साना सिंचाई पुर्वाधारमा ८५ प्रतिशत अनुदान दिने उल्लेख छ । पालिकाले व्यवसायीक कृषि उत्पादन केन्द्र पकेट विकास कार्यक्रम अन्तरगत तरकारी, बाख्रा तथा फलफूलको पकेट संचालनको लागी विभिन्न सामाग्री खरिद गरी कृषकलाई वितरण गरेकोमा १०० प्रतिशत अनुदान वितरण गरेको देखियो । कृषकलाई १०० प्रतितिशत अनुदान सामाग्रीमा वितरण गरेकोले पालिकामाथी रु. ८,३९,५७४.०० बढी व्ययभार परेको छ। रु...........	८३९,५७४	

भौ. नं. मिति	पकेटको किसिम	विवरण	५० % ले दिनु पर्ने अनुदान रकम	दिएको	बढी रकम
११२।०७८।३।२	बाख्रा	विभवन्न कृषकलाई औषधि खरिद गरी वितरण	१२००००	२४००००	१२००००
४८।०७७।११।६	मकै पकेट	विभवन्न कृषकलाई फौजी किरा विषादि खरिद गरी वितरण	२००००	४००००	२००००
१७५।०७८।३। २२	भैंसी प्रबर्द्धन	विभवन्न ६५ जना कृषकलाई औषधि खरिद गरी वितरण	७००००.	१४००००	७००००.
१८१।०७८।३। २२	तरकारी	२३ जना कृषकलाई टनेलकोलागरी प्लास्टिक खरिद गरी वितरण	१८०१७९.५	३६०३५९	१८०१७९.५
१८२।०७८।३। २२	तरकारी	३२ जना कृषकलाई विउ वितरण	२२२६६९.५	४४५३३९	२२२६६९.५
१८३।०७८।३। २२	तरकारी	विभवन्न कृषकलाई विषादि तथा विउ खरिद गरी वितरण	२२६७२५	४५३४५०	२२६७२५
	जम्मा		८३९५७४	१६७९१४८	८३९५७४

६२.२

पकेट क्षेत्रः प्रधानमन्त्री कृषि आधुनिकिकरण परयोजना व्यवस्थापन इकाई खुमलटार, ललितपुरले प्रकाशन गरेको प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना कार्यान्वयन म्यानुवल, २०७७ को ४.१.५ मा कार्यक्रम संचालन अवधि तथा पकेट संख्या अन्तरगत स्थानिय तहको प्रत्येक वडामा कम्तिमा २ वटा पकेट छनैट गरी परियोजनाको आर्थिक सहयोगमा कार्यक्रम संचालन गरिने उल्लेख छ ।यसैगरी परियोजना कार्यान्वयन म्यानुवल, २०७७ को ४.१.९.२ (क) मा पकेट निर्धारणकोलागी तालिका नं. १ मा उल्लेख भए बमोजिमको आधार पुरा भएको पकेटमा उत्पादन र उत्पादकत्व बृद्धिका कार्यक्रमहरु प्रथमित्ताका साथ संचालन गर्नुपर्ने र (ग) मा स्थानिय तहको स्वीकृत लाभान्वीत वर्गको सहभागितामा प्रविधिक समितिले तालिका नं २ मा उल्लेख भएका क्रियाकलापको सूची मध्येवाट लाभान्वीत वर्गको आवश्यकता र प्रविधिक दृष्टिकोणले उपयूक्त क्रियाकलापहरुको छनौट गरी स्थानिय दररेटको आधारमा लागत अनुमान तथा कार्ययोजना तयार गर्नु पर्ने उल्लेख छ । पालिकाले संघीय सरकारवाट हस्तान्त्रीत कार्यक्रम व्यवसायीक कृषि उत्पादन केन्द्र पकेट विकास कार्यक्रम अन्तरगत कृषकहरुलाई निम्न पकेट क्षेत्र संचालनका लागी ५० प्रतिशत अनुदान वितरण गरी रु. १४,५७,४००.०० खर्च लेखाङ्कन गरेको छ । यस सम्बन्धमा देखिएका थप व्यहोरा निम्न अनुसार छन् :

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>भौ. नं. मिति</td><td>पकेटको किसिम</td><td>विवरण</td><td>रकम</td></tr>
<tr><td>७३।०७७।११।१७</td><td>आलु खेती</td><td>आलुको विषादि खरिद तथा वितरण</td><td>५७५५०</td></tr>
<tr><td>७४।०७७।११।१७</td><td>आलु खेती</td><td>आलुको विउ खरिद तथा वितरण</td><td>४९९८५०</td></tr>
<tr><td>१८०।०७८।३।२२</td><td>बाख्रा</td><td>बोयर बोका खरिद तथा वितरण</td><td>९०००००</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td>१४५७४००</td></tr>
</table>

स्वीकृत लाभान्वीत वर्गको सहभागितामा प्रविधिक समितिले तालिका नं २ मा उल्लेख भएका क्रियाकलापको सूची मध्येवाट लाभान्वीत वर्गको आवश्यकता र प्रविधिक दृष्टिकोणले उपयूक्त क्रियाकलाप छनौट गरी स्थानिय दररेटको आधारमा लागत अनुमान तथा कार्ययोजना तयार तथा सो बमोजिमको कार्य सम्पन्न प्रतिवेदन पेश गरेको देखिएन ।
निर्देशिकाको व्यवस्था अनुसार अनुगमन प्रतिवेदन तथा विषयगत प्रगति तयार गरी परियोजना कार्यान्वयन इकाई र जिल्ला स्थित कृषि क्षेत्र हर्ने कार्यालयमा पठाउनु पर्ने देखिन्छ ।
कृषकहरुले खरिद भएको बाख्रा कती प्रतिशत वोयर हो सो सम्बन्धमा स्पष्ट हुने प्रमाण पेश गरेको छैन ।
पकेटमा प्रयोग हुने बाख्रा, विउ तथा उपकरणहरु प्रतिस्पर्धि खरिद गर्नु पर्ने देखिन्छ ।

</td><td></td></tr>
<tr><td>६३</td><td>२१०</td><td>२०७८-३-२९</td><td>
भैंसी प्रबर्द्धन कार्यक्रमः
लागत साझेदारीमा भैंसी प्रबर्द्धन कार्यक्रमः लागत साझेदारीमा पशुपञ्छि प्रवर्द्धन कार्यक्रम कार्यसंचालन प्रकृया, २०७७ को परिच्छेद २ मा कार्यक्रम संचालन तथा विधि सम्बन्धी व्यवस्था छ । जस अनुसार अनुसूची ७ मा उल्लेखित भएका पशु खरिद गर्न कम्तिमा ८० प्रतिशत, तालिममा १० प्रतिशत तथा अनुसूची ६ मा समाबेश भएका क्रियाकलाप संचालन गर्न १० प्रतिशत, खरिद भएको पशुपञ्छिको विमा गराउनुपर्ने तथा अनुसूचि ८ बमोजिमको ढाचामा प्रगति प्रतिवेदन पेश गर्नु पर्ने उल्लेख छ । लागत साझेदारीमा भैंसी प्रवर्द्धन कार्यक्रमका लागी संघीय सरकारवाट रु १६,५०,०००.००, प्रदेश सरकारवाट रु. १२,५०,०००.००, पालिकावाट रु. १०,००,०००.०० गरी रु.३९,००,०००.०० प्राप्त भएकोमा पालिकाले उक्त कार्यक्रम अन्तरगत ६५ वटा कृषि फर्म लाई ५० प्रतिशत अनुदानमा प्रति फर्म रु. ६०,०००.०० ले रु.३९,००,०००.०० अनुदान दिएको छ । यस सम्बन्धमा देखिएको व्यहोरा देहायमा उल्लेख छ ।

स्वीकृत लाभान्वीत वर्गको सहभागितामा प्रविधिक समितिले स्थानिय दररेटको आधारमा लागत मुल्य तोकेको तथा सो बमोजिमको खरिद कार्य गरेको देखिएन ।
कार्यविधिले तोके बमोजिमको कार्य प्रगती विवरण पेश गरेको छैन । कार्य प्रगती विवरण पेश गर्नु पर्ने देखिन्छ ।

</td><td></td></tr>
<tr><td>६४</td><td></td><td></td><td>
प्रशिक्षक भत्ता तथा यातायात खर्चः
अर्थ मन्त्रालयको कार्य संचालन निर्देशिका, २०७७ मा सबै प्रकारका गोष्टी,तालिम, सेमिनार तथा कार्यक्रमका लागी सबै प्रकारको भत्ता को दर तथा अनुगमन सम्बन्धि व्यवस्था उल्लेख रहेको छ । जस अनुसार २ दिन सम्मको कार्यक्रममा रु, २,००.०० यातायात खर्च, सम्बन्धित कार्यालयले संचालन गरेको कार्यक्रममा सोहि कार्यालयको स्रोत ब्यक्ति भएमा प्रशिक्षक भत्त नपाउने तर कार्य पत्रवापत भत्ता पाउने तथा अनुगमन टोलीमा
</td><td>२०३,१००</td></tr>
</table>

कामसंग प्रत्यक्ष सम्बन्ध राख्ने बढीमा ३ जनाको अनुगमन टोली बनाउनु पर्ने उल्लेख छ । पालिकाले विभवन्न कार्यक्रम संचालन गर्दा निर्देशिका विपरित भुक्तानी गरेको देखियो । निर्देशिका विपरितको खर्च नियम सम्मत्त देखिएन रु.................

भौ. नं. मिति	कार्यक्रम	विवरण	रकम
७३।०७७।११।१७	आलु खेतीको पकेट तालीम	प्रशिक्षक ८ सेसनको रु १५०० ले	१२०००
८०।०७७।११।२०	सामाजमा रहेको कुरिती कुप्रथा विरुद्धको अभिमुखिकरण	४७ जनालाई यातायात खर्च रु ५०० ले	२३०००
८०।०७७।११।२०	सामाजमा रहेको कुरिती कुप्रथा विरुद्धको अभिमुखिकरण	प्रशिक्षक भत्त ३ सेसनको रु १५०० ले	४५००
१३४।०७८।३।१४	बाख्राको पकेट विकास तालीम	प्रशिक्षक भत्त ४० सेसनको रु १५०० ले	६००००
१३५।०७८।३।१४	तरकारी पकेट सम्बन्धी तालिम	प्रशिक्षक भत्त १६ सेसनको रु १५०० ले	२४०००
१७६।०७८।३।२२	लागत साझेदारीमा भैंसी प्रवर्द्धन तालिम	प्रशिक्षक भत्त २४ सेसनको रु १५०० ले	३६०००
२०८।०७८।३।२६	प्रधान्मत्री रोजगार कार्यक्रम	अनुगमन भत्ता ७ जना लाई रु १५०० ले	२०६००
१९७।०७८।३।२४	सामाजमा रहेको कुरिती कुप्रथा विरुद्धको अभिमुखिकरण	यातायात खर्च ४७ जनालाई रु ५०० ले	२३०००
	जम्मा		२०३१००

६५ **कृषि सामाग्रीमा अनुदानः** २७१,१५५

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(१०) अनुसार लेखा राख्दा बिल भर्पाई सहित राख्नुपर्ने उल्लेख छ । पालिकाले देहाय अनुसारका सामाग्रीहरु विटिएल ट्रेड प्रा.ली. बाट खरिद गरी भौ.नं. २५|०७७|११|१९ बाट रु. ४,८०,०००.०० भुक्तानी दिएको छ । खरिद गरिएका सामानहरु वितरण गरेको वितरण भर्पाई स्रेस्ता साथ संलग्न छैन । साथै, जनतासँग अध्यक्ष कार्यक्रममा यस्तै किसिमका सामानहरु खरिद गरी वितरण गर्दा सरोकारवालाले ५० प्रतिशत र कार्यालयले ५० प्रतिशत खर्च व्यहोरेको छ । एकै खर्च शिर्षकबाट एकै प्रकृतिका सामान खरिद गरी फरक-फरक किसिमले खर्च लेख्नु उपयुक्त देखिएन । ५० प्रतिशत रकम सरोकारवाला व्यक्तिसँग अशुल गरी सामान बुझाएको भर्पाई पेश हुनु पर्दछ रु...........

सामानको नाम	परिमाण	भुक्तानी रकम	५० प्रतिशतले हुने रकम
चापकटर	८ थान	३,००,५८०	१,५०,२९०
मिलि ट्रिलर	२ थान	१,६९,५००	८४,७५०
डिस्क मिल	२ थान	७२,२३०	३६,११५
	जम्मा	५,४२,३१०	२,७१,१५५

६६			**सामाजिक सुरक्षाः** सामाजिक सुरक्षा भत्ताको सम्बन्धमा देखिएको व्यहोरा देहायमा उल्लेख छ ।	
६६.१			**रकम ढिला दाखिलाः**आर्थिक वर्ष सामाप्त हुनुभन्दा ७ दिन अगावै भत्ता वितरण कार्य सम्पन्न गरी कारोबार बन्द गर्नु पर्दछ । सामाजिक सुरक्षा वितरणको जिम्मा पएको कुमारी बैंक लि. ले उपलब्ध गराएको विवरण अनुसार जोड जम्मा गर्दा निकासा पएको रु.३,५१,१८,५२१.०० मध्ये रु. ३,४५,५८,६०२.०० वितरण गरी बाँकी रु. ५,५९,९१९.०० र गत आ.व. को बाँकी रु.२,८०,६१९.०० गरी रु. ८,४०,५३८.०० बचत रहेको रकम मध्ये मिति २०७८।१०।२४ मा कोष तथा नियन्त्रक कार्यालय ललितपुरमा रु. ४,१३,७१९.०० मात्र जम्मा गरेको देखिन्छ । फिर्ता गर्न बाँकी रहेको रु. ४,२६,८१९.०० लेखापरीक्षणको अवधि सम्म पनि दाखिला गरेको छैन । मौज्दात बाँकी रहेको रकम संघीय संचित कोष फिर्ता गर्नु पर्दछ रु.........	४२६,८१९
६६.२			**निष्कृय लाभग्राहीः**सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा २३(५) मा खाता संचालन गर्ने बैंक तथा वित्तिय संस्थाले निष्कृय खाताको विवरण प्रत्येक श्रावण महिना भित्र सम्बन्धित स्थानीय तहका साथै विभागलाई उपलव्ध गराउनु पर्ने उल्लेख छ । लेखापरीक्षणको क्रममा निष्कृय लाभग्रहीको खाताको विवरण माग गर्दा बैंकले उपलब्ध गराएको विवरण अनुसार निम्नानुसार लाभग्राही निष्कृय रहेको देखिन्छ । उक्त लाभग्राही मृत्यु भएको, बसाई सरेको वा दोहोरो नाम दर्ता भएको तथा वास्तविक लाभग्राही हुन।होईनन् पालिकावाटै यकिन गरी संघीय संचितकोष फिर्ता हुनु पर्दछ । रु................	१,६७६,३२४

वडा नं.	निष्कृय लाभग्राहीको सं.	रकम
१	१२	२२७४७०.१४
२	२८	३९८४८३.७७
३	२१	२४४५८३.६५
४	२६	४२०५४५.५४
५	८	१५४४०९.९
६	१७	२३०८३१.३०
७	०	०
जम्मा	११२	१६७६३२४.३

६६.३			**एकल पुरुष भत्ताः** पालिकाले कार्यविधि बनाई सामाजिक सुरक्षा अन्तरगत एकल परुष भत्ता वापत २६४ जनालाई रु. १००० को दरले रु. २,६४,०००.०० पहिलो चौमासिक वापत भत्ता वितरण गरेको छ ।	

६६.४			**लगत अद्यावधिकः**सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा, तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्योक बर्ष लगत अध्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, बैंक मार्फत वितरण गर्नुपर्ने, नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टी गरि अधावद्यिक गर्ने जस्ता जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानीय निकायको हुने व्यवस्था गरेको छ । लेखापरीक्षण योजना अनुसा २ वडाको वितरण अवस्थाको तथ्याङ्क परीक्षण गर्दा लगत अद्यावधिक गरेको देखिएन । निश्चित समय अन्तरालमा लगत अद्यावधिक नभएकोले मृत्यू, बसाँईसराई, दोहोरो परेको लाभग्राहीको सम्बन्धमा यकिन हुन सकेन । लाभग्राही लगत अद्यावधिक गरी सोही आधारमा निकासा व्यवस्थापन गर्नु पर्दछ ।	

वडा नं.	लाभग्रीही सं.	निकासा	खर्च	फिर्ता
१	१२४	३८८१२९१	३६४३२९१	२३८०००
७	२०४	६२०४९६२	६०६०८०१	१४४१६१
जम्मा	३२८	१००८६२५३	९७०४०९२	३८२१६१

६७			अनुगमन तथा सम्परीक्षण स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ मा बेरुजू फछ्यौंट गर्ने व्यवस्था रहेको छ । सोही एनको दफा ८४ (२)(घ) मा बेरुजू फछ्यौंट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । यो बर्ष लेखापरीक्षणको क्रममा निम्नानुसार सम्परीक्षण भएको छ ।	

सि. नं.	बेरुजुको दफा	आर्थिक वर्ष	बेरुजुको ब्यहोरा	सम्परिक्षणको व्यहोरा	सम्परिक्षण रकम	फछ्यौंट गर्नेको नाम
१	७१	२०७५।०७६	१५ कि. मी. भित्र अनुगमन खर्च लेखेको	असुल भई फछ्यौंट	२०७००	विर बहादुर लोप्चन
२	८२	२०७५।०७६	ब्यक्तिगत प्रयोजनमा पालिकावाट खर्च लेखेको	असुल भई फछ्यौंट	१६९५०	विर बहादुर लोप्चन
३	८१	२०७६।७७	विल भरपाई पेश नभएको	विल भरपाई पेश भई फछ्यौंट	१७९८००	रमेश घले
	जम्मा				२१७४५०	

६८			अद्यावधिक बेरुजुको स्थितिः गाउँपालिकाको आर्थिक वर्ष २०७७।७८ सम्मको फछ्र्यौट गर्न बाँकी बेरुजू स्थिति देहाय अनुसार रहेको छः	

(रु. हजारमा)

गत वर्षसम्मको बाँकी बेरुजू (A)	यो वर्ष संपरीक्षण गरिएको बेरुजू(B)	यो वर्ष कायम बेरुजू(C)	संपरीक्षणबाट कायम बेरुजू(D)	अध्याविधक बाँकी बेरुजू (E=A-B+C+D)